## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६५-CI-०४०९, अंशबण्डा लिखत बदर, *अनिशा खातुन समेत वि. महम्मद याही मियाँ समेत*

पुनरावेदक वादीले प्रतिवादीहरूबाट जम्माजम्मी ज.वि. ०-०-१६-१३ दावी गरको वादीको फिरादपत्रबाट देखिन्छ । ज.वि. ०-०-१६-१३ मात्र वादीले फिरादमा दावी गरेको अवस्थामा वादी दावीभन्दा बढी पाउने गरी फैसला गर्नु न्यायोचित हुँदैन । वादीले दावीभन्दा बढी पाउनु कानून र यस अदालतबाट प्रतिपादित भै आएका न्यायिक सिद्धान्तबाट पनि मिल्ने हुँदैन । वादीले दावी गरेको ज.वि. ०-०-१६-१३ मध्ये यसै मुद्दामा मिति २०६४।२।२५ मा भएको मिलापत्रबाट निजले ज.वि. ०-०-१४-३३ प्राप्त गरिसकेको देखिन्छ । पुनरावेदन अदालत, बिराटनगरबाट फैसला हुँदा कि.नं. ८३ बाट ज.वि. ०-०-१-३३ प्राप्त गरेको पनि देखिन्छ । दुबैलाई जोड्दा ज.वि. ०-०-१६-३ भई वादी दावी ०-०-१६-१३ भन्दा बढी नै जग्गा वादीले पाइसकेको स्थिति छ । प्रतिवादीहरूले चित्त बुझाई बसी पुनरावेदन नगरेको कारणबाट सो बढी गएतर्फ अन्यथा गर्नुपर्ने अवस्था रहेन । यस स्थितिमा वादीले मिलापत्र गरेको कारणले मात्र आफ्नो माग दावीभन्दा बढी जग्गा पाउनु पर्छ भनी लिएको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः कृष्णकुमारी शिवाकोटी
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०६८ साल मंसिर ७ गते रोज ४ शुभम् ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६-CI-०७३१, बण्डापत्र लिखत बदर समेत, *अनिशा खातुन समेत वि. महम्मद याही मियाँ समेत*

अंशबण्डा हुनु पूर्वकै स्थितिमा एकासगोलका अंशियारमध्ये कुनै अंशियार परलोक भएको अवस्थामा अंशबण्डाको १ र २ नं. ले वादी प्रतिवादी बाँकी अंशियारको जीय जीयैको हिसाबले बण्डा हुने हो । अवण्डा राखेको सम्पत्ति वा अंश मुद्दा परेको अवस्थामा पनि फैसला भई तहसीलमा अंश छुट्ट्याउने कार्य भैरहेको र तायदातीका सम्पत्तिहरू बण्डा छुट्ट्याउने कार्य पूरा समाप्त नभैसकेको अवस्थामा कुनै अंशियार परलोक भएमा तायदातीमा परेको मात्र अंशियारबाट घट्न सक्ने हुन्छ । तर तायदातीमा नपरी पछि बण्डा गर्ने नगर्ने वा अवण्डामा नराखिएको सम्पत्ति समूहगत छुट्टिइसकेका कुनै अंशियारसँग रहेको र ती अंशियारमध्ये कुनै परलोक भएको रहेछ भने यसरी छुट्टिइसकेका दुई समूहमध्ये जुन समूहमा परलोक हुने व्यक्ति रहेको थियो उसको भाग त्यही समूहमा गाभिन्छ अर्को छुट्टिने समूहले नपाउने ।

एकपटक आफ्नो भाग अंश लिई छुट्टिई सकेकोमा पछि कुनै सम्पत्तिबाट लिन छुट भएको रहेछ भने जे जति छुटेको हो सोसम्म पाउनेको हक हुने ।

इजलास अधिकृतः कृष्णकुमारी शिवाकोटी
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०६८ साल मंसिर ७ गते रोज ४ शुभम् ।

- यसै लगाउको २०६६-CI-०७३२, लिखत दर्ता बदर दर्ता कायम, *अनिशा खातुन समेत वि. महम्मद याही मियाँ समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-CR-१२२१,११६७,११६६, कर्तव्य ज्यान, *प्रेमबहादुर बूढामगर समेत नेपाल सरकार, पृथकबहादुर पुनमगर वि. नेपाल सरकार, लोकबहादुर थापामगर वि. नेपाल सरकार*

मृतकले लालपूर्जा लिई डामृ गा.वि.स. मा गएको अवस्थामा प्रतिवादीहरूसँग भेट भई तुल्सी रोकाको घरमा रक्सी खाई विवाद हुँदा मृतक र प्रतिवादीहरूबीच हात हालाहाल भएको र प्रतिवादीहरूले मृतकलाई कुटपीट गर्दा मृतकको मृत्यु भएपछि निजको लास खोलामा लगी फालेको र दुई दिनपछि सो लासलाई खोलामा गाडेको भन्ने तथ्य प्रतिवादीहरूले अनुसन्धानको क्रममा अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा समेत स्वीकार गरेको र सो तथ्यलाई खण्डन गर्ने सबूद प्रमाण मिसिल संलग्न नरहेकोले प्रतिवादीहरूले अभियोग दावीबमोजिम कसूर गरेको तथ्यमा विवाद नदेखिने ।

मृतक र प्रतिवादीबीच पूर्व रिसइवी र मृतकलाई मार्नुपर्नेसम्मको कारण मिसिलबाट नदेखिएकोले केवल रक्सी खाएपछि भएको विवादका कारण कुटपीट हुँदा मृतकको मृत्यु भएको भन्ने देखिँदा घटनाको प्रकृति, घटना घट्दाको अवस्था परिस्थिति र प्रतिवादीहरूको उमेर समेतलाई विचार गर्दा कानूनबमोजिम सजाय गर्दा चर्को पर्ने भनी प्रतिवादीहरूलाई पाँच वर्ष कैद गर्ने राय व्यक्त गरी प्रतिवादीमध्येका गणेशबहादुर थापा वारदात हुँदाका बखत १४ वर्ष मुनिको भएको बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम ६ महिना कैद हुने ।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०६८ साल पुस १३ गते रोज ४ शुभम् ।

४

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कमलनारायण दास,** फौ.पु.नं. ०६५-CR-०६६२, भ्रष्टाचार, *मोहम्मद सलिम राइन वि. नेपाल सरकार*

प्रतिवादीले मिति २०५२।७।२८ मा अमिन गंगाप्रसाद मुखियाबाट सोनपुर गा.वि.स. वडा नं. ९ (क) को कि.नं. १ देखि ३५२ सम्मको फिल्डबुक समेत बुझी लिँदाको अवस्थामा सो फिल्डबुकमा कि.नं. ३७ र २ मा मात्र केरमेट भएको भन्ने कैफियत जनाई बरबुझारथ गरी लिएको अकर्णबाट देखिएकोमा निज प्रतिवादीले मिति २०५२।१२।१३ मा अमिन हरिनारायण यादवलाई फिल्डबुक बुझाउँदा धेरै कित्ताहरूमा थपघट तथा केरमेट भएको रूपमा फिल्डबुक बुझाएको अकर्णबाट देखिन्छ । आफ्नो जिम्मामा रहेको फिल्डबुक जस्तो महत्वपूर्ण लिखतमा भएको थपघट तथा केरमेट जस्ता अवाञ्छित क्रियाकलापहरूका सम्बन्धमा अन्यथा प्रमाणित भएमा बाहेक सम्बन्धित राष्ट्रसेवक कर्मचारी अर्थात् यी प्रतिवादी नै जिम्मेवार हुने कुरामा दुईमत हुन सक्तैन । सो सम्बन्धमा प्रतिवादीले बयान गर्दा कुनै ठोस तथा तर्कसंगत आधार कारण उल्लेख गर्न सकेको नदेखिँदा निजले नै नक्कली नक्सा ट्रेस खडा गरी वास्तविक कित्ता जग्गाहरूमा हेरफेर गरेको र फिल्डबुकमा समेत केरमेट तथा हेरफेर गरी सच्याएको हो भन्ने तथ्य तर्कसंगत रूपबाट पुष्टि हुँदा प्रतिवादीले बद्नियतपूर्वक आफ्नो जिम्मामा रहेको सक्कल नक्सा गायब गरी झुट्टा व्यहोराको ट्रेस उतार खडा गरी विभिन्न कित्ता जग्गाहरूको रूप तथा क्षेत्रफल परिवर्तन गरेको र फिल्डबुक समेत सच्याउने कार्य गरी तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१), ९ तथा दफा १३ द्वारा परिभाषित भ्रष्टाचारको कसूर गरेको देखिन आएकोले निजलाई सोही ऐनको दफा ७(१), ९, १३ तथा २९(२) बमोजिम पाँच हजार रूपैयाँ जरीवाना हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः विकेश गुरागाई
संवत् २०६८ साल मंसिर २५ गते रोज १ शुभम् ।

५

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कमलनारायण दास,** मुद्दा नं. २०६६-CI-०७८८, निर्णय दर्ता बदर, *मु.स. गर्ने परसावती देवी वि. नन्दकुमार चौधरी समेत*

नापी हुँदाका बखत तयार भएको क्षेत्रीय किताबमा साविक जग्गाधनी गेनालालको मृत्यु भएकोले निजको शेषपछि सो जग्गामा हक लाग्ने नजिकको हकदार मिश्रीलाल, ननु र नाथु हुन् भन्ने व्यहोरा नापी स्रेस्तामा उल्लेख भैरहेको र त्यसबाट असर परेको रहेछ भने सम्बद्ध पक्षले कानूनका म्यादभित्र बदर गराउन नसकेको स्पष्ट देखिँदा देखिँदै त्यसतर्फ कुनै विचार नै नगरी केवल सर्जमीनको मात्र आधार लिई विवादित जग्गा प्रतिवादी मिश्रीलालका नाममा मात्र दर्ता गर्ने गरी भएको मालपोत कार्यालय, सप्तरीको निर्णय न्यायोचित मान्न नमिल्ने ।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०६८ साल पुस १२ गते रोज ३ शुभम् ।

६

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कमलनारायण दास,** मुद्दा नं. ०६७-CI-०८७७, निर्णय दर्ता बदर, *पुष्पबहादुर श्रेष्ठ समेत वि. ऋषिकेशवनाथ श्रेष्ठ समेत*

प्रतिवादीमध्येका बिन्दुगोविन्द श्रेष्ठ र जनकलाल श्रेष्ठले दावीको कि.नं. १२५ र ४४० को जग्गा पुर्खा भाजुनरसिँहले राख्नु भएको निजी गुठी हो । उक्त जग्गा भाजुनरसिँहका सन्तानहरू गुठियार

रही सबैले नालिस गरेको हुनाले ललितपुर जिल्ला अदालतबाट मिति २०४४।१०।३ मा भाजु नरसिंहका सन्तानहरूलाई गुठियार मानी फैसला भएकोले सो फैसलाबाट वादीहरू समेत गुठियार कायम भएको भन्ने व्यहोरालाई आफ्नो प्रतिउत्तरमा स्वीकार गरेको देखिन्छ । ललितपुर जिल्ला अदालतको मिति २०४४।१०।३ को फैसला हेर्दा प्रस्तुत मुद्दामा दावी लिइएको कि.नं. १२५ र ४४० नं. कित्ता समेतका जग्गा वादी नारायणबहादुर गुठियार कुलबहादुरकै हकवाला देखिन आएको भनी वादी नारायणबहादुर प्रतिवादीहरू रत्नगोविन्द श्रेष्ठ र रामलाल श्रेष्ठ समेतका नाउँमा दर्ता हुने भनी निर्णय भएको देखिन्छ । यसबाट विवादित जग्गा आँगन देवता निजी गुठीको भन्नेमा र पुनरावेदक तथा विपक्षीहरू मूल पुर्खा भाजु नरसिंहका सन्तानमध्येकै गुठियार भएकोमा विवाद नदेखिँदा उल्लिखित जग्गाको गुठियार वादी प्रतिवादीका जिजुबाजे भाजुनरसिँह भएकोमा विवाद नदेखिएको र वादीहरू गुठियार भएको कुरा प्रतिवादीहरूले पनि इन्कार नगरेको अवस्थामा मालपोत कार्यालयको निर्णयमा गुठी जनाउनसम्म छूट भएको भनी दर्ता स्रेस्ता प्रमाणपूर्जामा जनाई दिई वादीहरू समेत सो जग्गाको गुठियार कायम हुने ठहऱ्याई ललितपुर जिल्ला अदालतको फैसला उल्टी गरेको पुनरावेदन अदालत, पाटनको फैसलाले पुनरावेदक प्रतिवादीको हकमा असर नपरेको, हक संरक्षित नै हुँदा पुनरावेदन अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६८ साल पुस १२ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको मुद्दा नं. ०६७-CI-०८७८, निर्णय दर्ता बदर, *पुष्पबहादुर श्रेष्ठ समेत वि. ऋषिकेशवनाथ श्रेष्ठ* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. १

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं. ०६३-WO-००५३, उत्प्रेषणलगायत, *मोहन ताजपुरिया वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

कुनै पनि साधिकार निकायमा वैकल्पिक उपचारको मार्गअन्तर्गत विचाराधीन मुद्दामा निर्णय भएपछि सो निर्णयउपर पुनरावेदन गर्ने अधिकार समेत रहे भएको अवस्थामा उक्त विचाराधीन मुद्दालाई असर पर्ने गरी यस अदालतको असाधारण अधिकारक्षेत्रको प्रयोग हुन नसक्ने ।

रिट निवेदकले प्रस्तुत विवादको विषयमा वैकल्पिक उपचारको मार्ग अवलम्बन गरिरहेको र उक्त वैकल्पिक उपचारअन्तर्गत पुनरावेदनको अधिकार समेत रहे भएको अवस्थामा साधिकार निकायमा विचाराधीन विषयमा उक्त साधिकार निकायबाट कानूनअनुरूप निर्णय हुने नै हुँदा र सो उपर पुनरावेदन गर्ने अधिकार समेत रहे भएको अवस्थामा यस्तो विचाराधीन विषयमा असर पर्ने गरी यस अदालतबाट असाधारण अधिकारक्षेत्रअन्तर्गत रिट जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल असोज ३ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६८ सालको रिट नं. ०६८-WO-०१९६, उत्प्रेषण परमादेश समेत, *राजेशकुमार साह वि. राजकपुर महतो समेत*

निवेदक विपक्षी मलंगवा नगरपालिका कार्यालयमा कार्यरत नगर रक्षक पदका स्थायी बहालवाला कर्मचारी रहेको भन्ने देखिएको, निवेदक विरूद्ध कुनै हकदैया नै नभएका उनाउ व्यक्ति विपक्षी वैद्यनाथ पण्डितले दिएको निवेदनमा यी निवेदकलाई विपक्षी नै नबनाइएको, निवेदकको स्थायी नियुक्ति प्रक्रियासम्बन्धी अभिलेख राख्ने जिम्मेवार निकाय विपक्षी मलंगवा नगरपालिका कार्यालयले मागबमोजिम पुनरावेदन अदालत जनकपुरमा सोसम्बन्धी अभिलेख पठाउनु पर्नेमा नपठाई सो कार्यालयमा अभिलेख नै नरहेको भनी कपटपूर्ण तरिकाले दिएको जवाफको आधारमा यी निवेदकको स्थायी नियुक्ति कायमै रहेको अवस्थामा सोविपरीत निजलाई असर पर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट फैसला हुनुपूर्व

निजलाई सो सम्बन्धमा बुझ्ने सूचना दिने वा निजलाई आफ्नो भनाई राख्ने उचित अवसर समेत नदिई सुनुवाइको मौकाबाट बञ्चित गरी भएको सो पुनरावेदन अदालत जनकपुरको मिति २०६८।२।२४ को निर्णय प्राकृतिक न्यायको सिद्धान्त विपरीत भई स्वरूपबाट नै त्रुटिपूर्ण (Error on the Face of the Record) देखिएकोले सो कायम रहन सक्ने अवस्था नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । अब निवेदकको नियुक्ति अभिलेखअनुसार कायम राखी निजलाई यथावत् आफ्नो पदमा हाजिर गराई काममा लगाउनु तथा निवेदकले नियमानुसार पाउने तलवभत्ता र सुविधा समेत निजलाई भुक्तानी दिनु भनी विपक्षी मलंगवा नगरपालिका कार्यालयको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल मंसिर १४ गते रोज ४ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- २०६८ सालको रिट नं. WO-००१२, उत्प्रेषण परमादेश समेत, *राजदेव राउत कुर्मी समेत वि. राजकपुर महतो समेत*
- २०६८ सालको रिट नं. ०६८-WO-००२५, उत्प्रेषण परमादेश समेत, *प्रकाश भन्ने प्रकाशकुमार दाहाल वि. राजकपुर महतो समेत*
- २०६८ सालको रिट नं. WO-०११४, उत्प्रेषण परमादेश समेत, *गायत्रीदेवी समेत वि. राजकपुर महतो समेत*

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको रिट नं. WO-०२३६, उत्प्रेषणमिश्रित परमादेश, *भगवान दास राठी वि. उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं समेत*

निवेदक उद्योगले उद्योग दर्ता गर्दा क्रियाशील रहेको औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५ (ख) बमोजिम व्यवसाय सञ्चालन गरेको मिति २०५४।९।२० देखि ५ वर्ष अर्थात् २०५९।९।१९ सम्मको आयकर छूट सुविधा प्राप्त गरिसकेको देखिएको, निवेदकले प्राप्त गरेको सो ५ वर्षको आयकर छूट सुविधा पाउने अवधि समाप्त नहुँदै २०५८।१२।१९ बाट लागू हुने गरी निर्मित आयकर ऐन, २०५८ को दफा १४३(छ) ले औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५(ग) झिक्ने गरी संशोधन गरी तत्पश्चात् कर लगाउने र छूट दिने विषयमा सोही आयकर ऐन, २०५८ को कानूनी व्यवस्थाहरू लागू हुने भनी उक्त आयकर ऐनको दफा १४२ ले उल्लेख गरेको अवस्थामा निवेदकले समेत सो आयकर ऐन, २०५८ लागू भएपछि सोही ऐनका प्रावधानहरूअनुरूप नै आयकर छूट सम्बन्धमा दावी लिनुपर्नेमा औद्योगिक व्यवसाय ऐन, २०४९ मा संशोधन भई कायम नरहेको उल्लिखित दफा १५(ग) अनुरूप थप २ वर्षको आयकर छूट सुविधा माग गरेको देखिएको र निवेदक उद्योगले मिति २०५६।३।१० मा नै सो औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५(ख) र (ग) बमोजिम एकै पटक सात वर्षको आयकर छूट सुविधा माग गरेकोमा ५ वर्षको लागि मात्र आयकर छूट सुविधा दिने गरी २०५७।७।१४ मा उद्योग विभाग सुविधा शाखाबाट निर्णय भएकोमा सो निर्णयलाई चुनौती नदिई चूप लागी बसी पुनः सोही विषयलाई विवादमा ल्याई २०६४ सालको आयकर निर्धारण समेत भइसकेपछि अनुचित रूपमा बिलम्ब गरी प्रस्तुत निवेदन पर्न आएको देखिएकोले निवेदन मागअनुरूपको आदेश जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

इति संवत् २०६८ साल मंसिर १३ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं. ०६३-WO-०६२९, उत्प्रेषणयुक्त परमादेश, *पदमबहादुर माझी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

दर्ता बदर र हक बेहकको प्रश्न उत्पन्न भएको विषयमा निर्णय गर्दा मुद्दाको तथ्यभित्र प्रवेश गरी प्रमाण बुझी सोको मूल्याङ्कन र विवेचना गरी निर्णय गर्नुपर्ने हुन्छ । यस्तो प्रमाण बुझ्ने तथा सोको मूल्याङ्कन तथा विवेचना गर्ने कुरा अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत नपरी साधारण अधिकारक्षेत्र अन्तर्गत पर्दछ । यस्तो दर्ता बदर र हक बेहकको प्रश्न समावेश

भएको मुद्दामा सामान्यतः प्रमाण बुझ्ने काम शुरू तहको अदालतबाट साधारण अधिकारक्षेत्र अन्तर्गत हुने ।

वैकल्पिक उपचारको मार्ग प्राप्त हुँदाहुँदै उक्त वैकल्पिक उपचारको मार्ग अवलम्बन नगरी प्रस्तुत रिट निवेदन लिई यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत आएको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल असोज ३ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको CI-०१२४, अंश दर्ता, *लोकनाथ पाठक समेत वि. आरती पाठक समेत*

न्याय प्रशासन ऐन, २०४८ को दफा १४(ग) मा मुद्दामा इन्साफ गर्नुपर्ने प्रश्नहरूसँग सम्बद्ध प्रमाणहरू तल्लो अदालत, निकाय वा अधिकारीले बुझ्न छुटाएको रहेछ भने आफूले बुझ्ने र ऐ. दफा १४(ख) बमोजिम तल्लो अदालत, निकाय वा अधिकारीले गर्न पाउने फैसला वा अन्तिम आदेश गर्ने समेतका अधिकार पुनरावेदन सुन्ने वा साधक जाँच्ने अदालतलाई भएको देखिन्छ । प्रस्तुत मुद्दामा एउटै मिसिलबाट गर्नुपर्ने काममध्ये कल्पनाथको छोरा रामशरण र निजको श्रीमती पार्वती समेतको मृत्यु भइसकेको अवस्थामा नितयस्जहरूको सम्पत्ति सम्बन्धमा बोल्नुपर्नेलगायतका विषयसँग सम्बन्धित प्रश्नहरूसँग सम्बद्ध प्रमाणहरू बुझी सो सम्बन्धमा शुरू जिल्ला अदालतबाट निर्णय गर्न छूट भएको भए वा सो सम्बन्धमा शुरूबाट निवेदन नगरिएको भए उल्लिखित कानूनी व्यवस्थाअनुरूप सम्बद्ध प्रमाणहरू बुझी शुरू जिल्ला अदालतबाट विवेचना र निर्णय गर्न छूट भएको प्रश्नहरूको सम्बन्धमा न्याय निरोपण गर्न पुनरावेदन अदालतलाई कुनै बाधा रहेको देखिँदैन । यसरी उल्लिखित प्रश्नहरू सम्बद्ध प्रमाणहरू लगायत प्रस्तुत मुद्दामा बुझ्न आवश्यक जे जो बुझ्नु पर्ने हो आफैंले बुझी इन्साफ गर्नसक्नु पर्नेमा सो नगरी शुरू कपिलवस्तु जिल्ला अदालतको फैसला बदर गरी पुनः फैसला गर्न शुरूमा पठाएको पुनरावेदन अदालत बुटवलको फैसला मिलेको नदेखिँदा प्रस्तुत मुद्दामा जो जे बुझ्नुपर्ने हो बुझी पुनः इन्साफ गर्नु भनी तारिखमा रहेका पक्षहरूलाई पुनरावेदन अदालत बुटवलमा हाजिर हुन जानु भनी तारिख तोकी मिसिल सो अदालतमा पठाई दिने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ मंसिर १४ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- २०६५ सालको CI-०१२५, मिलापत्र बदर, *लोकनाथ पाठक समेत वि. आरती पाठक समेत*
- २०६५ सालको CI-०१२६, अंश दर्ता नामसारी, *लोकनाथ पाठक समेत वि. शान्ति पाठक समेत*
- २०६५ सालको CI-०१२७, मिलापत्र बदर, *लोकनाथ पाठक समेत वि. शान्ति पाठक*

६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-WO-०५०३, उत्प्रेषण समेत, *सीता खनाल (अधिकारी) वि. नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय समेत*

निवेदकले बदर गरिपाउन माग गरेका नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएका विवादित परिपत्रहरू खारेज भइसकेको भन्ने विपक्षी नेपाल राष्ट्र बैंकको लिखित जवाफबाट देखिनुका साथै निवेदकतर्फबाट उपस्थित विद्वान अधिवक्ताले निवेदनमा बदर गर्न माग गरिएका परिपत्रका विवादित प्रावधानहरू खारेज गरी इ.प्रा. निर्देशन नं. ६/०६८ जारी गरेको भनी नयाँ जारी गरिएको परिपत्र संलग्न गरी इजलाससमक्ष निवेदनसाथ प्रस्तुत गर्नु भएको देखिएकोले प्रस्तुत रिट निवेदन प्रयोजनहीन भइसकेको देखिँदा खारेज हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल पुस ६ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको दे.पु.नं. ०६७-CI-१०३१, बाली भराई मोही निष्काशन, *सुश्री शान्ता तण्डुकार वि. जीतबहादुर कार्की*

एउटा जग्गाधनी भैरहेको अवस्थामा निजको नामको दर्ता खारेज नभै अर्कोको नाममा सो जग्गाको

अस्थायी दर्ता प्रमाणितले मात्र विवादित जग्गामा वादीको हक सिर्जना हुन नसक्ने र जग्गाधनी दर्ता प्रमाण पूर्जा र मोहियानी हकको प्रमाणपत्रमा समेत माधवलाल नेपाली जग्गाधनी भनी उल्लेख भैरहेको अवस्थामा विवादित जग्गामा वादीको पूर्ण हक प्राप्त भैसकेको छ भनी मान्न नमिल्ने ।

इजलास अधिकृतः लीलाराज अधिकारी

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल कात्तिक २५ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** फौजदारी पुनरावेदन नं. ०६६-CR-०२०५, ०२६२, ०३०१, लागू औषध (खैरो हेरोइन), *शेरबहादुर थापा वि.नेपाल सरकार, रामबहादुर लामा घले वि. नेपाल सरकार, मिलन गुरुङ वि. नेपाल सरकार*

फरक स्थानमा बसोबास गर्ने र वारदात समयमा सँगसाथमा नभएका साक्षीहरूको अनुमानमा आधारित बकपत्र तर्कसँगत देखिन आउँदैन । मौकामा र अदालतमा इन्कारी बयान दिए पनि आफ्नो निर्दोषिताको जिकीरलाई समर्थित गराउने प्रमाण पेश गरेको पाइँदैन । मिसिलबाट अभियोग दावी समर्थित प्रमाण रहेको र सो प्रमाण अन्यथा भन्ने पुष्टि हुन नसकेको अवस्थामा अपुष्ट रूपमा इन्कारी बयान गर्नु मात्र कसूरबाट उन्मुक्ति पाउने आधार बन्न नसक्ने ।

लागू औषधको कारोवार गर्न सँगै हिँडेको अवस्थामा कसैबाट मात्र लागू औषध बरामद हुनु र अन्य सँगसाथका व्यक्तिबाट बरामद नहुनुले खास असर पार्ने हुँदैन । कानूनबमोजिम लागू औषध प्राप्त गर्न वा राख्न पाउने अवस्था पुष्टि भएमा बाहेक लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ मा उक्त ऐनबमोजिमको कसूर गरेको मानिने ।

लागू औषधसम्बन्धी अपराध निरपेक्ष दायित्वअन्तर्गत पर्ने अपराध भएको हुनाले जसबाट लागू औषध बरामद भएको छ, निजसँग सो लागू औषधको कारोवार गर्न आफू नहिँडेको वा निजको समूहमा सामेल नभएको भन्ने तथ्य स्पष्टरूपमा पुष्टि नभएसम्म समूहगत रूपमा पक्राउ परेको देखिएपछि प्रतिवादीहरूमध्ये कसैको सो लागू औषधको कारोवार गर्ने मनसाय थियो वा थिएन भनी विचार गरिरहनु नपर्ने ।

पुनरावेदक प्रतिवादीहरू माहिला भन्ने मिलन गुरुङ, रामबहादुर लामा घले र शेरबहादुर थापाको अभियोग दावीबमोजिम अवैध लागू औषधको कारोवारमा समानरूपमा संलग्नता देखिएकोले प्रतिवादी मिलन गुरूङ्गलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ) र (च) को कसूरमा सोही ऐनको दफा १४(१)(छ) (२) बमोजिम १० वर्ष कैद र रू. एकलाख जरीवाना भई प्रतिवादी रामबहादुर घले लामा र शेरबहादुर थापालाई सोही ऐनको दफा १७ बमोजिम कसूर गरेको भै ५ वर्ष कैद र रू. पचास हजार जरीवाना भएकोमा मिलन गुरुङको हकमा सदर गरी अन्य प्रतिवादीहरू रामबहादुर लामा घले र शेरबहादुर थापाको हकमा केही उल्टी गरी निज प्रतिवादीहरूलाई समेत प्रतिवादी मिलन गुरुङलाई सजाय गरिएसरह कसूरदार देखिँदा १० वर्ष कैद र रू. एकलाख जरीवाना हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल असार २८ गते रोज ३ शुभम् ।

९

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६४ सालको रिट नं. ०६४-WO-०८५८, उत्प्रेषणयुक्त परमादेश, *मनोहर के.सी. वि. नेपाल वायुसेवा निगम, प्रधान कार्यालय समेत*

निवेदक नेपाल वायु सेवा निगमको General Staff नभै Cabin Crew Section अन्तर्गतको विमान परिचालक भएको हुँदा निजको हकमा परिचारक पदको कर्मचारीको व्यवस्था नै लागू हुने देखिन्छ । त्यसकारण निवेदकले म सामान्य कर्मचारी हुँ, मलाई ५८ वर्ष सेवा अवधि लागू हुन्छ भनी लिएको निवेदन दावी विनियमावलीसम्मत् देखिँदैन । निनियमावलीमा विमान परिचारक/परिचारिकाको अवकाशको उमेर हद ५० वर्ष भएको हुँदा निवेदक ५० वर्षमा अवकाश हुने पदको कर्मचारी हुन् भन्ने देखिन आयो । तसर्थ निवेदकको मिति २०६५।१।९ मा ५० वर्ष उमेर पुगेको भनी नेपाल वायु सेवा निगमले भनिरहेको अवस्थामा उमेरको सन्दर्भमा निवेदकको कुनै असहमति समेत रहेको नदेखिँदा अभिलेखको आधारमा ५० वर्ष पूरा

हुने समयलाई ध्यानमा राखी निवेदकलाई विनियमावलीको ६३(१) र ६३(२)(क) अनुसार २०६५।१।१०(२००८।४।२२) देखि उमेर हदको कारण सेवाबाट अवकाश हुने व्यहोराको जानकारी दिएको निगमको मिति २०६४।१२।१२ (२००८।३।२५) को पत्रलाई अन्यथा हो भन्न नमिली कानूनसम्मत् नै देखिने ।

निवेदकको ५० वर्षको उमेर मिति २०६५।१।९ मा पुगी मिति २०६५।१।१० मा अवकाश हुने भए पनि निवेदकलाई सामान्य कर्मचारी वा परिचारक कुन समूहअन्तर्गतको कर्मचारी मान्ने र अवकाशको उमेर कति वर्षलाई मान्ने भनी अन्तिम निर्णयबाट निर्क्योल हुने विषय भएको कारण रिट निवेदनको अन्तिम किनारा नलाग्दासम्म निवेदकलाई दिएको पत्र कार्यान्वयन नगर्नु भनी भएको अन्तरिम आदेशअनुसार निवेदक हालसम्म निगममा कार्यरत् रहेको देखिँदा काम गरेको अवधिको तलव भत्ता दिनु वा पाउनु उपयुक्त नै हुने भएको र निगममा सेवारत् रहेको अवधिको तलव भत्तासम्म दिने भनी माथि उल्लेख गरेको रिट निवेदनमा एउटा मान्यता स्थापित भैसकेको सन्दर्भमा समेत निवेदकको सेवा अवधि विस्तार नहुने गरी निजले काम गरेको अवधिको भत्तासम्म पाउने गरी रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः लीलाराज अधिकारी
कम्प्युटरः रामशरण तिमिल्सना
इति संवत् २०६८ साल कात्तिक २० गते रोज १ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६५-CI-०६३०, अंश चलन, *दिपेशकुमार भट्ट समेत वि. विद्या भट्ट अधिकारी)*

वादीले आफ्नो पति समेतबाट अंश माग दावी गरी फिराद गरेको र शुरू जिल्ला अदालत तथा पुनरावेदन अदालत समेतबाट निजले अंश पाउने ठहर भई फैसला भएको देखिन्छ । तर, यिनै वादी प्रतिवादीबीच काठमाडौं जिल्ला अदातलमा चलेको फौ.नं. ३९-०६-०१८६८ को सम्बन्ध विच्छेद् मुद्दामा दुबै पक्षबीच सम्बन्ध विच्छेद् हुने र अंश र मानाचामलबापत् नगद रकम बुझी लिई मिति २०६७।६।१८ मा मिलापत्र गरेको भन्ने कुरा सम्बन्ध विच्छेद् मुद्दाको मिसिलबाट देखिन्छ । सो मिलापत्रमा अंश र मानाचामलको दावी पनि परित्याग गर्ने भनी उल्लेख भएको देखिँदा यी वादी प्रतिवादी रहेको सम्बन्ध विच्छेद् मुद्दामा पति/पत्नी अड्डाबाट सम्बन्ध विच्छेद् समेत हुने गरी मिलापत्र भई मानाचामलबापत समेत नगद रकम बुझिसकेको देखिएकोले प्रस्तुत अंश मुद्दाबाट यी वादीलाई अंश दिलाइरहनु पर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल असोज २५ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६५-CI-०६३१, मानाचामल, *दिपेशकुमार भट्ट वि. विद्या भट्ट (अधिकारी)*

वादीले आफ्नो पतिबाट मानाचामल माग दावी गरी फिराद गरेको र शुरू जिल्ला अदालत तथा पुनरावेदन अदालत समेतबाट निजले मानाचामलबापत मासिक रू. १५,००।- भरिपाउने ठहर भई फैसला भएको देखिन्छ । तर, यिनै वादी प्रतिवादीबीच काठमाडौं जिल्ला अदालतमा चलेको फौ.नं. ३९-०६-०१८६८ को सम्बन्ध बिच्छेद् मुद्दामा दुबै पक्षबीच सम्बन्ध बिच्छेद् हुने र अंश र मानाचामल बापत नगद बुझी लिई मिति २०६७।६।१८ मा मिलापत्र गरेको भन्ने कुरा सम्बन्ध बिच्छेद् मुद्दाको मिसिलबाट देखिन्छ । सो मिलापत्रमा अंश र मानाचामलको दावी पनि परित्याग गर्ने भनी उल्लेख भएको पाइन्छ । यी वादी प्रतिवादी रहेको सम्बन्ध विच्छेद् मुद्दामा पनि पत्नीबीच अड्डाबाट सम्बन्ध बिच्छेद् समेत हुने गरी मिलापत्र भई अंश र मानाचामलबापत समेत नगद रकम बुझिसकेको देखिएकोले प्रस्तुत मानाचामल मुद्दाबाट यी वादीलाई मानाचामलबापत् कुनै रकम दिलाइरहनु पर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल असोज २५ गते रोज ४ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको WO-०१५७, उत्प्रेषण, *अम्बरबहादुर थापा मगर समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकहरू नेपाल राष्ट्रिय भूतपूर्व सैनिक परिषद् नामक संस्थाका अध्यक्ष तथा सदस्यहरू रहेको देखिन्छ । निज निवेदकहरूले आफ्नो निवेदनमा उल्लिखित १००० डलर आफूहरूले नपाएको भन्न र लेख्न सकेको छैन । यदि त्यस्तो रकम नपाउने राष्ट्रसंघीय शान्ति सुरक्षामा खटिई जाने नेपाली सेनाहरू रहेकै भए पनि ती सेनाहरू स्वयंले कुनै निवेदन दावी गरेको नदेखिएको र निवेदन दावी गर्न अरू कोही कसैलाई अख्तियारी वा मञ्जूरी दिएको भन्ने पनि देखिएको अवस्था छैन । जसले रकम पाउनुपर्ने उसले नपाएको भनेको हो ती व्यक्तिहरू स्वयंले आफ्नो दावी गर्न नसकेको र १००० डलर दिलाई पाऊँ भनी दावी गर्नेले आफूले पाउनुपर्ने नपाएको भनी आफ्नो हकको दावी गर्न सक्नुपर्नेमा सो गर्न सकेको देखिन्न । जसको जुन कुरामा हक पुग्छ उसले सो कुरामा दावी गरे मात्र लाग्छ । कसैले पनि अर्काको हकमा उसको मञ्जूरी बेगर उजूर दावी स्माग गरी अदालत प्रवेश गर्न सक्दैन । साथै त्यस्तो हकदैयाविहीन व्यक्तिको लागि अदालतले कुनै मद्दत गर्न पनि सक्दैन । प्रस्तुत निवेदनका निवेदकहरूले दावी गरेको विवादित विषयवस्तु निवेदकहरूसँग सम्बन्धित भएको नदेखिँदा विवादित १००० डलर नपाएको भनी निवेदन दावी गर्ने हकदैया नै नपुग्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६७ साल फागुन ८ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको WO-०१९३, उत्प्रेषण परमादेश समेत, *नेपालाल सरदार वि. भूमिसुधार कार्यालय, विराटनगर, मोरङ्ग समेत*

निवेदकले आफ्ना पिताका नाममा कायम भएको मोही हक भए निजको २०३१ सालमा मृत्यु भएपछि नै आफ्ना नाममा नामसारी गराउनेतर्फ कानूनबमोजिम कारवाही चलाउनु पर्नेमा त्यसरी कारवाही चलाएको पनि नदेखिएको र पिताका नामको भनिएको मोही लगत विपक्षी कार्यालयबाट कट्टा भएको मिति २०४६।१०।१३ गतेपश्चात् पनि अविलम्ब त्यस्तो निर्णय र कारवाही विरूद्ध उजूर नगरी पिताका नामको मोही हक प्राप्त गर्नेतर्फ केही नगरी लामो समयसम्म निवेदक चूप लागी बसी मोही हक कट्टा गर्ने निर्णय भएको झण्डै उन्नाइस वर्षपछि मात्र नक्कल सारी लिँदा मात्र थाहा पाएँ भनी रिट निवेदन लिई यस अदालतमा प्रवेश गरेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल असोज ३० गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-WO-०७८५, उत्प्रेषण परमादेश समेत, *हेरादेवी खड्गी वि. पुरातत्व विभाग, रामशाहपथ, काठमाडौं समेत*

दावीको जग्गामा निर्मित घर कानूनबमोजिम नभत्किएसम्म कायम रहेको भवन र सो भवन रहेको जग्गा निवेदिकाको निजी सम्पत्ति हुने, त्यस्तो सम्पत्ति अंशबण्डा गर्न नै कानूनले रोक नलगाएकोले मन्त्रिपरिषद्को निर्णयबमोजिम भन्दै अंशबण्डा गर्न नै रोक लगाएको पुरातत्व विभागको निर्णयलाई कानूनसंगत मान्न मिलेन । अंशबण्डा गर्ने प्रयोजनका लागिसम्म उक्त घर जग्गामा रहेको रोक्का फुकुवा गरिदिनु भनी विपक्षीका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल असोज ३० गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६४ सालको WO-०८११, उत्प्रेषणयुक्त परमादेश, *जदु महतो वि. भूमिसुधार कार्यालय, सुनसरी, इनरूवा समेत*

भूमिसम्बन्धी ऐन, २०२१ को चौथो संशोधन, २०५३ ले जग्गाको द्वैध स्वामित्व हटाउन मोही भएको जग्गा मोही र जग्गाधनीबीच बाँडफाँड गरी स्वामित्वसहितको भोग कायम हुने कानूनी व्यवस्थाबमोजिम प्रस्तुत विवादित जग्गा बाँडफाँड गरी पाउन निवेदक जग्गाधनीले भूमिसुधार कार्यालय, सुनसरीमा दिएको निवेदनमा सो कार्यालयबाट भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६घ र २६ङ मा भएको कानूनी व्यवस्थाबमोजिम मोही समेतलाई झिकाई जग्गाको वास्तविक भौतिक स्थिति बुझ्न नापी नक्सा र सर्जमीन गराई जो बुझ्नुपर्ने भएको प्रमाण समेत बुझी अपनाउनुपर्ने कानूनी प्रक्रिया र कार्यविधि पूरा गरी विवादित जग्गा नरम गरम मिलाई बाँडफाँड गरी मोही लगत कट्टा भई दा.खा. दर्ता समेत भइसकेको विवादित जग्गामा निवेदकले भनेबमोजिम नभएको भनी अन्यथा अर्थ गर्नुपर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६७ साल फागुन ११ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६३ सालको WO-०३५६, उत्प्रेषण, *बाबुराम गिरी समेत वि. शिक्षक सेवा आयोग, सानोठिमी समेत*

शिक्षक सेवा आयोगले गर्ने नियमित कार्यमध्ये रिक्त शिक्षक दरबन्दीको पदपूर्ति गर्ने र सो पदपूर्ति गर्नको लागि आवश्यक प्रक्रिया शिक्षा ऐन र शिक्षक सेवा आयोग नियमावलीले तोकेको कानूनी प्रक्रिया पूरा गर्नुपर्ने कर्तव्य र दायित्व विपक्षी आयोगको हुन्छ । आयोगले ऐन नियमले निर्देशित गरेको भन्दा बाहिर गै कुनै पनि कार्य गर्नसक्ने पनि देखिन्न । आयोगले शिक्षकहरूको के कति दरबन्दी रिक्त छ र के कति पूर्ति गर्नुपर्छ सो उसको कुरा हो त्यसमा अदालतले हस्तक्षेप गर्नु वा सो यति पद विज्ञापन गर्नु भनी भनिरहनु पर्ने हुन्न । त्यसमा पनि विज्ञापन नै नगरेको रिक्त रहेको पदलाई यो यसरी पदपूर्ति गर्नु भनी प्रशासन गरी उसको अधिकारमा हस्तक्षेप गर्नु नहुने ।

शिक्षक सेवा आयोगले म्यादभित्र प्राप्त दरबन्दी पदपूर्ति गर्न विज्ञापन गरी प्रतिस्पर्धा गराएको र निवेदकहरू समेत प्रतिस्पर्धामा सहभागी भै वैकल्पिक सूचीमा परेको र पहिलेको भने विज्ञापित पदमा औपचारिक रूपमा पद थप भई प्रकाशित भएको नदेखिँदा थप नभएको पदमा पूर्व विज्ञापनको आधारमा नियुक्तिको सिफारिश गर्नसक्ने कानूनी आधार समेत नहुँदा निवेदकहरूको मागबमोजिम आदेश जारी गरिरहनु परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६७ साल माघ ३ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको रि.नं. ०६६-WO-०५५१, उत्प्रेषण, *मनोजकुमार भेटवाल वि. नेपाल खाद्य संस्थान, प्रधान कार्यालय, भद्रकाली प्लाजा, काठमाडौं समेत*

जग्गा खरीद गर्न स्वीकार गरेको मात्र आधारले संस्थानको जग्गा निवेदकलाई बिक्री गर्नु भन्ने अर्थ लगाउन मिल्ने देखिन्न । साथै संस्थानद्वारा प्रकाशित बोलपत्र आव्हानको सूचना बुँदा नं. १२ मा समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार संस्थानमा निहीत रहने व्यवस्थाअनुसार संस्थानले रिट निवेदकको जग्गा बिक्री टेण्डर अस्वीकृत गरेको अवस्था छ । सोका अतिरिक्त रिट निवेदकले पेश गरेको टेण्डर स्वीकार गरी सकेको भन्ने विषय नै स्पष्ट नभएको र पेश भएको टेण्डर स्वीकृत गर्न बाध्य गर्ने कानूनी व्यवस्था एवं टेण्डर सूचनाबाट समेत नदेखिएकोले मागबमोजिम आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल मंसिर १९ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कमलनारायण दास,** २०६७ सालको फौजदारी साधक नं. २०६७-RC-००५३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. अम्मरबहादुर विष्ट*

प्रतिवादीले देवबहादुर कुँवरलाई ताकी गोली हानेकोमा निजलाई नलागी सँगै रहेको मृतक

राजेन्द्र कुँवरलाई लागी निजको मृत्यु भएको भनी मौकामा कागज गर्ने घटना विवरणका व्यक्ति दामी कुँवर जाहेरवाला रामबहादुर कुँवर, वस्तुस्थिति मुचुल्काका मानिसहरू मने भाट समेतका व्यक्तिहरूले अदालतमा उपस्थित भई बकपत्र गरेको देखिन्छ । यस्तो अवस्थामा यी प्रतिवादीले देवबहादुर कुँवरलाई ताकेर गोली प्रहार गरेकामा निजलाई लागी घटना घटेमा अपराध मानिने राजेन्द्र कुँवरलाई लागी मरेमा अपराध नमानिने भन्न मिल्ने हुँदैन । यी प्रतिवादी अम्मरबहादुर विष्टले देवबहादुर कुँवरलाई ताकी गोली प्रहार गरेकोमा निजलाई नलागी मृतक राजेन्द्र कुँवरलाई लागी मृत्यु भएको माथि विवेचित आधार, कारण र प्रमाणबाट निर्विवादरूपमा पुष्टि एवं प्रमाणित हुन आएकोले प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. को कसूर गरेको देखिँदा प्रतिवादी अम्मरबहादुर विष्टलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल कात्तिक ४ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको फौजदारी साधक नं. RC-००६८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लालमणि पन्त*

किटानी जाहेरी, मौकामा कागज गर्ने व्यक्तिहरूको भनाई र सो भनाई समर्थन गर्दै निजहरूको अदालतमा भएको बकपत्र, शव परीक्षण प्रतिवेदन, प्रतिवादीको मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष भएको अधिकारप्राप्त बयान कागज, अदालतसमक्षको बयान समेतका आधार र कारणहरू समेतबाट यी प्रतिवादीहरूले मृतकलाई मारेको कुरा सृङ्खलावद्ध रूपमा पुष्टि भएको देखिँदा प्रतिवादी लालमणि पन्तलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल कात्तिक ४ गते रोज ६ शुभम् ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको फौजदारी साधक नं. ०६६-RC-००९८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सूर्यबहादुर कटुवाल*

प्रतिवादीउपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजायको माग दावी लिएको अवस्थामा निजले आफूउपर लागेको अभियोगलाई अन्यथा प्रमाणित गर्न अदालतसमक्ष उपस्थित भई न्यायसम्पादन कार्यमा सहयोग गर्नुपर्नेमा अदालतमा र अनुसन्धानको क्रममा समेत उपस्थित नभई फरार रहेको देखिन्छ । सहअभियुक्त धनबहादुर रोकायाले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान कागज गर्दा यी प्रतिवादीउपर पोल उजूर गरेको, निज धनबहादुरले अदालतमा बयान गर्दा पनि आफैंले कुनै अपराध नगरेको र सूर्यबहादुर कटुवाल घटना भएको मिति समयमा मृतक सँगै भई घरतिर सँगै गएका हुन् भनी लेखाई दिएको समेत देखिएको अवस्था हुँदा प्रतिवादी सूर्यबहादुर कटुवाललाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

इति संवत् २०६८ साल कात्तिक ४ गते रोज ६ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको साधक नं. ००९७, कर्तव्य ज्यान, *नेपाल सरकार वि.भीम भट्ट*

यी प्रतिवादी वारदातपश्चात् फरार रहेको भए पनि मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान कागज गर्ने श्यामबहादुर मण्डलले भीम भट्टले मृतकलाई पेस्तोलले हानी मारेका हुन् भनी पोल गरी लेखाएको पाइन्छ । मौकामा कागज गर्ने जगपाल सिँह, प्रकाश भट्ट, हरिनारायण शर्मा, वस्तुस्थिति मुचुल्कामा कागज कृष्ण गिरी समेतका व्यक्तिले प्रतिवादीले गोली प्रहार गरेको कारण मृतकको मृत्यु भएको कुरामा पोल गरी लेखाएको देखिन्छ । जाहेरवाला जगपाल सिँह भाटियाले मौकामा व्यक्त गरेको कुरालाई समर्थन गरी यी प्रतिवादीले मृतकलाई मारेको हो भनी किटानीसाथ

बकपत्र गरेको देखिन्छ । प्रतिवादी पुनर मलाहले समेत अदालतसमक्ष बयान गर्दा प्रतिवादी भीम भट्टले मृतकलाई गोली प्रहार गरी मृत्यु भएको सुनेको हो भनी पोल गरेको पाइन्छ । प्रतिवादीले आफूउपर लागेको आरोप झूट्टा भए सो आरोपलाई सप्रमाण अन्यथा प्रमाणित गर्न सक्नुपर्नेमा उल्टै फरार रही अपराधलाई अप्रत्यक्ष रूपमा स्वीकार गरेको देखिन्छ । अर्थात् सहअभियुक्तहरूको पोल, साक्षीको किटानी बकपत्र तथा घटनापश्चात् भागी फरार रहेको समेतका कारणबाटयी प्रतिवादीलाई निर्दोष मान्न सकिएन । निजले आरोपित कसूर गरेको पुष्टि एवं प्रमाणित हुन आएकोले प्रतिवादी भीम भट्टलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल कात्तिक ४ गते रोज ६ शुभम् ।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कमलनारायण दास,** २०६७ सालको फौजदारी साधक नं. ०६७-RC-०००७, कर्तव्य ज्यान, *नेपाल सरकार वि.मनसिँह रोकाय*

मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा उपस्थित भई बयान गर्दा पनि यी प्रतिवादी मन सिँह रोकायाले मृतकसँग जग्गामा बाली लगाउने विषयमा विवाद भई निजले ढुंगाले हानेको कारण रीस उठी बञ्चरो ल्याई, हात, टाउको, साँप्रो समेतमा बञ्चरो हानी घाउ लागी सोही कारण रगत आई अस्पतालमा उपचार गर्दागर्दै मृत्यु भएको हो भनी कसूर अपराध गरेमा सावित भई बयान गरेको देखिन्छ । दाजुभाइबीच भएको विवादमा दाजुले ढुंगा हानेको रिसले बञ्चरो जस्तो जोखिमी हतियार खोजी ल्याई पटक-पटक शरीरको विभिन्न भागमा हानी सोही कारण मृतकको मृत्यु भएको देखिँदा प्रतिवादी मानसिँह भन्ने मनसिँह रोकायलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल कात्तिक ४ गते रोज ६ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रेम शर्मा,** ०६७-CI-०५१३, निषेधाज्ञा, *पुरन थापा वि. गंगा थापा मगर समेत*

प्रस्तुत मुद्दाका पक्ष विपक्षहरू अंशियार रहेको, एक अंशियारको नाउँको जग्गा अर्को अंशियारले भोगचलन गर्नुलाई अंशबण्डासम्बन्धी विवादको रूपमा लिनुपर्ने हुन्छ । सोको निरोपण पनि अंश मुद्दाको निर्णय र त्यसको कार्यान्वयनबाट हुने कुरा हो । यसलाई निवेदकको साम्पत्तिक अधिकारमाथि अतिक्रमण हुने आशंको रूपमा लिन मिल्दैन । तथापि निवेदन दावीको जग्गामा आफूले कब्जा गरेको छैन भनी विपक्षी इन्कार रहेको अवस्थामा निषेधाज्ञाको आदेश जारी गरिरहनु पर्ने अवस्था देखिन नआएबाट निवेदन दावीको जग्गा आफूले जवर्जस्ती भोगचलन गरेको छैन भनी विपक्षी इन्कार समेत रहेको र दुई पक्षबीच अंशसम्बन्धी विवाद अदालतमा विचाराधीन रहेको अवस्थामा निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गरिरहनु पर्ने अवस्था नदेखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पञ्जानी

इति संवत् २०६८ साल पुस २१ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रेम शर्मा,** ०६७-CI-०५७०, निषेधाज्ञा, *सुरेन्द्रप्रसाद अग्रहरि वि. उमालाल उराव*

यिनै पक्ष विपक्षीबीच चलेको संवत् २०६० सालको दे.पु.नं. १२२८ को कुत दिलाई मोही निष्काशन मुद्दामा यस अदालतबाट मिति २०६५।५।६ मा भएको फैसलासमेतको आधारमा निवेदक उमालाल उराव मोही भएको जग्गामा जोत कमोद गर्न पाउने नै हुनाले निजलाई जोत कमोद गर्न अवरोध नगर्नु, नगराउनु र निजलाई सो सम्बन्धमा पक्राउ समेत नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृतः हरि कोइराला

इति संवत् २०६८ साल पुस २१ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रेम शर्मा,** ०६७-CI-०८७२, निषेधाज्ञा, *पद्मराज आचार्य समेत वि. पूजनदेवी आचार्य*

प्रत्यर्थी पूजनदेवी आचार्य र पुनरावेदकहरू पद्मराज आचार्य र राधादेवी आचार्यबीच देवर, देवरानी एवं भाउजू नाता कायम सम्बन्ध रहेको विपक्षीहरूको लिखित जवाफ व्यहोराबाट देखिन्छ । प्रत्यर्थी पूजनदेवी आचार्यका छोरा विनोद आचार्यसँग रू. ५,५०,०००।- रूपैयाँ लिनुपर्ने भएकोले उक्त रूपैयाँ माग्नेसम्म गरेको हो भनी विपक्षीहरूले आफ्नो लिखित जवाफमा उल्लेख गरेको देखिँदा आफ्नो देवर देवरानीउपर नभए नगरेको कुरामा बिना कारण झूट्टा व्यहोराको निवेदन दावी लिएको भन्न मिल्ने अवस्था देखिन नआएबाट निवेदक बसोबास गरी आएको निजको घर, बसोबासमा हस्तक्षेप गर्नेलगायतका कुनै पनि कार्य नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल पुस २१ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको WO-०४७८, उत्प्रेषण, *बलराम पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

केही व्यक्तिको हकमा न्यायिक प्रक्रिया अन्तिम चरणमा पुगेको मात्र नभई अन्तिम तहको अदालतबाट फैसला नै भइसकेको अवस्थामा अदालतको फैसला निष्क्रिय वा निष्प्रभावी गर्ने गरी मुल्तवी रहेकाहरूको हकमा समेत सो मुद्दा फिर्ता लिन मिल्ने देखिँदैन । त्यसरी आंशिक मुद्दा फिर्ता लिने कार्यबाट नेपालको अन्तरिम संविधानले प्रदान गरेको समानताको हकको पनि प्रत्यक्ष उल्लंघन हुने देखिन्छ । एउटै मुद्दा र एउटै वारदातसँग सम्बन्धित अभियुक्तहरूमध्ये केहीको हकमा फैसला हुनु र केहीको हकमा मुद्दा वा अभियोग दावी नै फिर्ता हुनु फौजदारी न्यायको मान्य सिद्धान्त, सरकार वादी मुद्दासम्बन्धी ऐनको दफा २९ र नेपालको अन्तरिम संविधानको धारा १३ र २४ समेतको विपरीत हुन जान्छ यस्तो अवस्थाको मुद्दा फिर्ता लिन नेपाल सरकारले आदेश गर्न र जिल्ला अदालतले पनि त्यसको मञ्जूरी दिन नमिल्ने ।

नेपाल सरकार गृह मन्त्रालयबाट २०६७।३।१० को मुद्दा फिर्ता लिनेसम्बन्धी सिफारिश र मन्त्रिपरिषद्बाट मिति २०६७।४।२८ को मुद्दा फिर्ता गर्ने गरी भएको निर्णय एवं सोहीअनुसार लेखिएको कानून तथा न्याय मन्त्रालयको २०६७।५।२ को पत्र र महान्याधिवक्ताको कार्यालयको मिति २०६७।५।७ को पत्र एवं जिल्ला सरकारी वकील कार्यालयले मुद्दा फिर्ता गर्न भनी झापा जिल्ला अदालतलाई मिति २०६७।५।२४ मा लेखी पठाएको पत्र समेतका सिफारिश एवं निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । यसका साथै उपरोक्त कर्तव्य ज्यान मुद्दामा ठहर निर्णय हुन बाँकी रहेका प्रतिवादीहरूको हकमा कारवाही र निर्णय गर्नु भनी विपक्षी झापा जिल्ला अदालतका नाउँमा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः हरिहर पौड्याल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६८ साल जेठ २३ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-MS-०५१३, अपहेलना, *युगलप्रसाद सैंजू वि. तानसेन नगरपालिका कार्यालय, तानसेन, पाल्पा समेत*

अदालतको अपहेलना भएको भन्ने लागेमा अदालत स्वयंले कारवाही गर्न वा कसैको निवेदन परेमा सोही आधारमा अदालतले अपहेलनातर्फ कारवाही चलाउन सक्दछ । आरोपित व्यक्तिले अदालतको अपहेलना गरेको छ वा छैन सोको निर्णय गर्ने पूर्ण अधिकार अदालतलाई हुन्छ । कारवाही गर्दै जाँदा आरोपित व्यक्तिले अपहेलना गरेको देखिएमा अपहेलना गर्नेलाई अदालतले सजाय गर्दछ र अपहेलनाको कसूर गरेको नदेखिएमा सो कारवाहीको अन्त्य वा आरोपितले सफाई पाउने गरी अदालतले निर्णय गर्नसक्ने कुरा हो । सो निर्णयबाट कसैलाई सजाय भएको भए निजले माथिल्लो अदालतमा पुनरावेदन गर्न पाउने हो । तर, कारवाहीको अन्त्य भएमा वा आरोपित व्यक्तिले अपहेलना गरेको नठहरेमा वा अपहेलनाको आरोपित कसूरबाट सफाइ पाउने ठहरेमा त्यसउपर अपहेलनाको

निवेदन दिने व्यक्तिले पुनरावेदन गर्नुको कुनै औचित्य नै नरहने ।
इजलास अधिकृतः हरि कोइराला
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६८ साल मंसिर २२ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-CI-०७५२, निषेधाज्ञा, *युगलप्रसाद सैंजू वि. तानसेन नगरपालिका कार्यालय, तानसेन पाल्पा समेत*

यिनै पक्ष विपक्षबीच विवादित कि.नं. ७६३ को जग्गा मिची घर निर्माण गरी खिचोला गरेको सम्बन्धमा प्रस्तुत मुद्दाका पुनरावेदकले पाल्पा जिल्ला अदालतमा खिचोला मेटाई घर हटाई चलन चलाइपाऊँ भनी छुट्टै फिराद दायर गरी विचाराधीन अवस्थामा रहेको छ भनी यस अदालतमा दिएको पुनरावेदनबाट देखिन्छ । यसरी यी पुनरावेदकको कित्ता नं. ७६३ को जग्गा समेत मिची विपक्षीले घर बनाएको भए सोही खिचोला मेटाई घर हटाई चलन चलाई पाऊँ भन्ने मुद्दाबाट निर्णय हुने नै हुँदा प्रस्तुत निषेधाज्ञाको निवेदन खारेज हुने ।
इजलास अधिकृतः हरि कोइराला
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल मंसिर २२ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५-CR-०१२३, ज्यान डाँका, *नेपाल सरकार वि. बाबुलाल सहनी मलाह समेत*

प्रस्तुत मुद्दा पुनरावेदन अदालत हेटौंडाबाट एक न्यायाधीशबाट हेर्नुपर्नेमा संयुक्त इजासबाट हेरी निर्णय भएको भन्ने प्रश्न छ । त्यसतर्फ विचार गर्दा यो मुद्दा शुरूमा नै पुनरावेदन अदालतमा दायर भएको होइन । यस मुद्दाको कारवाही पहिला जिल्ला अदालतमा भएको र त्यसपछि विशेष अदालतमा भएको हो । बागमती विशेष अदालतको फैसलाउपर तत्कालीन मध्यमाञ्चल क्षेत्रीय अदालतमा पुनरावेदन परी सो अदालतबाट पनि निर्णय भएको हो । पछि पुनरावेदन अदालत पाटनबाट मुद्दा सरी गएकोमा त्यहाँबाट भएको फैसलाउपर परेको पुनरावेदनमा क्षेत्राधिकार भएको पुनरावेदन अदालत हेटौंडाले कानूनबमोजिम मुद्दा किनारा गर्न भनी यस अदालतको २०६२।११।४ को फैसलानुसार उक्त अदालतले फैसला गरेको देखिन्छ । तर पनि शुरू फैसला गर्दा एक न्यायाधीशको इजलासले गर्नुपर्ने भन्ने पुनरावेदन अदालत नियमावली, २०४८ को नियम १०(क) मा व्यवस्था भए पनि धेरै पुरानो मुद्दा भई सर्वोच्च अदालतसम्म पुगिसकेको अवस्थामा पुनरावेदन अदालत, हेटौंडाको संयुक्त इजलासबाट मिति २०६५।२।२९ मा भएको निर्णयबाट इन्साफमा तात्विक असर परेको देखिँदैन । अन्य मुद्दाहरूमा प्रस्तुत मुद्दाको प्रक्रियागत नजीर नलाग्ने गरी पुनरावेदन अदालत, हेटौंडाको निर्णयलाई सोही आधारमा कानूनी त्रुटिपूर्ण भएको भन्न नमिल्ने ।

प्रतिवादी बाबुलाल सहनी समेतका यी प्रतिवादीहरूले प्रस्तुत ज्यान डाँका वारदातमा संलग्न रही अभियोग दावीअनुसारको कसूर गरेकोमा सहअभियुक्त जीयालाल सहनी र जंगली सहनी समेतले मौकामा प्रहरीमा पोल गरे तापनि उक्त पोल समर्थित हुने तथ्ययुक्त एवं स्वतन्त्र सबूत प्रमाण वादी पक्षले प्रस्तुत गर्न सकेको मिसिल संलग्न कागजातबाट देखिन आएन । यस्तो अवस्थामा प्रतिवादी बाबुलाल सहनी मलाह, पाचु ठाकुर हजाम, गोविन्द सहनी, रामकिशोर सहनी मलाह, डिटु सहनी मलाह, डुबरी भन्ने रामचन्द्र सहनी मलाह, कल्लु हजाम, रामचन्द्र सहनी मलाह, मिठु सहनी मलाह, सर्जु सहनी मलाह, बुझाउन सहनी मलाह, सुधन सहनी मलाह, जय गोविन्द सहनी मलाह, बुधना सहनी मलाह, मुनी सहनी मलाह, कन्हा सहनी मलाह, छुटकवन सहनी मलाह, पल्टन सहनी मलाह, सोहराई सहनी मलाह, सीता ठाकुर हजाम र रामेश्वर ठाकुर हजाम समेतका व्यक्तिहरूले आरोपित कसूर गरेको भन्न नमिल्ने ।
इजलास अधिकृतः हरि कोइराला
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल पुस १७ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४-WO-०९८१, उत्प्रेषणयुक्त परमादेश, *चन्द्रराज्य लक्ष्मी राणा समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेत*

आफ्नो हक अधिकार खोज्नेले त्यसप्रति सधैं सचेत पनि रहनुपर्छ। प्रस्तुत रिट निवेदन हेर्दा शशी शम्शेरको शशी भवन घर-कम्पाउण्ड जग्गाका साथै अन्यत्रको जग्गा पनि त्यसरी जफत गरेको भए सो समेत दिलाई पाऊँ भन्ने समेत उल्लेख भएको पाइन्छ। यसबाट यी निवेदकहरू आफ्नो सो हकप्रति सचेत नरहेको देखिएको छ। अदालतले नै असाधारण अधिकारक्षेत्रको प्रयोग गरी यी निवेदकको हक स्वामित्वको खोजी गरी त्यसलाई प्रचलन गराउने होइन। अपितु स्थापित र निश्चित संवैधानिक वा कानूनी हकको प्रचलन गराउने हो, त्यो पनि नियमित कानूनी उपचारको बाटो उपलब्ध नभएमा वा उपलब्ध भए पनि प्रभावकारी नभएमा। यसका साथै आफ्नो स्थापित र निश्चित कानूनी हकको लागि यस अदालतमा प्रवेश गर्नेले उचित समयभित्र प्रवेश गर्नुपर्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पञ्जानी

इति संवत् २०६८ साल पुस १७ गते रोज १ शुभम्।

९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४-WO-०८८४, उत्प्रेषण, *अभिनव यादव वि. अरुणकुमार यादव समेत*

विवादित कि.नं. ७९ को ८-१४-१९ जग्गामध्ये पश्चिम तर्फबाट ०-१४-१९ जग्गा छाडी ८-०-० जग्गामध्ये ४-०-० जग्गाको मोही विपक्षी अरुणकुमार यादव मोही कायम भइरहेको अवस्थामा मोहीको निवेदन परी उक्त जग्गाको पूर्वतर्फबाट २-०-० जग्गा मोहीलाई र पश्चिमतर्फबाट २-०-० जग्गाधनीको नाममा कायम राखी मोही लगत कट्टा गरी मोही जग्गा बाँडफाँड गर्ने गरी भूमिसुधार कार्यालय, सप्तरीबाट मिति २०६४।७।२९ मा निर्णय भएको देखिन्छ। यसरी मोही कायम गरेको निर्णय विरुद्ध फैसला बदर मुद्दा चली अन्तिम भइसकेको र मोही हक कायमै रहेको अवस्थामा मोही हकसम्मको जग्गा बाँडफाँड गर्ने गरी भूमिसुधार कार्यालय सप्तरीको उक्त निर्णयबाट यी रिट निवेदकको कुनै कानूनी हकमाथि आघात परेको नदेखिने।

इजलास अधिकृतः हरि कोइराला

इति संवत् २०६८ साल पुस १७ गते रोज १ शुभम्।

- यसै प्रकृतिको ०६४-WO-०८८३, उत्प्रेषण, *अभिनव यादव वि. अरुणकुमार यादव समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

१०

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** रिट नं. ०६४-WO-०३४१, उत्प्रेषणयुक्त प्रतिषेध, *प्रशिद्ध नरसिँह राणा वि. महानगरीय प्रहरी वृत्त, महाराजगञ्ज, काठमाडौं समेत*

व्यक्ति-व्यक्तिबीचमा दवाव वा करकापबाट कागज गराएको अवस्था भएमा सो विषय साधारण अधिकारक्षेत्रअन्तर्गतको विषय हुन्छ र त्यस्तो लिखत बदरको विषयमा असाधारण अधिकारक्षेत्र आकर्षित हुन नसक्ने।

लिखतबाट सिर्जित दायित्व पूरा गर्ने म्याद समाप्त भएको अवस्थामा त्यसबाट यी रिट निवेदकउपर दायित्व सिर्जना हुने वा नहुने भन्ने विषयमा परेका वा पर्ने मुद्दाकै रोहमा निरूपण हुने विषय हो। यस्तो अवस्थामा सो लिखतको प्रभावकारिताको सम्बन्धमा यस रिट निवेदनबाट बोल्न मिल्ने हुँदैन र त्यसबाट यी रिट निवेदकको कानूनी हकमाथि अतिक्रमण भएको वा अतिक्रमण हुने अवस्था नहुने।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल भदौ ५ गते रोज २ शुभम्।

११

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको WO-०५७२, उत्प्रेषणयुक्त परमादेश समेत, *ब्रजनारायण मिश्र वि. सामान्य प्रशासन मन्त्रालय समेत*

निजामती कर्मचारीहरूको सेवा शर्त सञ्चालनसम्बन्धी ऐन, नियममा व्यवस्था भएको कानूनी प्रावधानबमोजिम निवेदकको अवकाशको अवधि पुगिसकेको र सो अवधिबमोजिम निज अवकाश भैसकेको अवस्थामा मागबमोजिम आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल साउन २४ गते रोज ३ शुभम्।

१२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको WO-११००, उत्प्रेषणयुक्त परमादेश समेत, *दुर्गादत्त बाँस्तोला वि. त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, बल्खु समेत*

परीक्षा सञ्चालन गर्ने निकायले तय गरेको अनुशासन र आचरणसम्बन्धी नियमहरू पालना गर्नु सम्बन्धित परीक्षार्थी र विद्यार्थीको कर्तव्य हो। यस्ता अनुशासनका नियमहरूको पालनाबाट मात्र परीक्षा शिष्ट र सौम्य किसिमले सञ्चालन हुने र त्यसको गुणस्तरीयता र विश्वसनीयता कायम रहन जाने।

विद्यालयहरूबाट शिक्षा हासिल गर्ने विद्यार्थी वा शिक्षार्थीले औपचारिक शिक्षा हासिल गर्नुका साथसाथै मानवीय मूल्य, सामाजिक मान्यता, मर्यादा एवं नैतिक आचरणमा पनि सुधार ल्याई देश र समाजको एक असल र जिम्मेवार नागरिक पनि बन्नुपर्ने हुन्छ। यसको लागि अनुशासन, नैतिकता र शैक्षिक मर्यादाका नियमहरूको कडाइका साथ पालना गर्नुपर्ने हुन्छ। यी सबै कुराका अतिरिक्त आफूले शिक्षा लिइरहेको संस्थाले निर्धारित गरेका शिक्षा र परीक्षाको मापदण्डको कसीमा आफू निर्विवाद रूपले उत्तीर्ण हुनुपर्दछ। जाल, प्रपञ्च, चीट वा नक्कलको माध्यमबाट वा अन्य गैरशैक्षिक हतकण्डा अपनाई परीक्षामा उत्तीर्ण हुनुको कुनै अर्थ र महत्व नहुने।

आचरणसम्बन्धी तोकिएको नियम उल्लंघन गरेको आधारमा नियमबमोजिम कारवाही र निर्णय गरिएको देखिँदा निवेदकको मागबमोजिम मिति २०६८।१।१५ को निर्णय बदर गर्ने गरी आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहेको नदेखिने। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६८ साल साउन २४ गते रोज ३ शुभम्।

१३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८-RC-०००८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बक्सिङ तामाङ*

प्रतिवादी बक्सिङ तामाङलाई पक्राउ गरिएकोमा अनुसन्धानको क्रममा प्रहरीबाट निजलाई सिङ्गी लामाको हाजीर जमानीमा थुनामुक्त गरिएको देखिन्छ। त्यसपछि निज पक्राउ नभएको र निज प्रतिवादीका नाममा अदालतबाट म्याद सूचना जारी गर्दा समेत अदालतमा उपस्थित हुन नआएकोले सिन्धुपाल्चोक जिल्ला अदालतमा मुल्तवी रहेको प्रस्तुत मुद्दा शुरू अदालतको मिति २०६५।१।३१ को आदेशले मुल्तवीबाट जागी कारवाही निर्णय भएको देखिन्छ। यसरी मुल्तवीबाट जागेको समयसम्म पनि प्रतिवादी बक्सिङ तामाङ अदालतमा उपस्थित भई आफ्नो यथार्थ व्यहोरा खुलाई आफूउपर लागेको अभियोगको खण्डन गर्न वा आफू बेकसूर भए आफ्नो निर्दोषिताको आधार प्रमाण पेश गर्न सकेको नदेखिनुको साथै प्रतिवादी बक्सिङ तामाङले मकैको पीठोमा विष मिसाएको र उक्त मकैको पीठोको ढिँडो खाँदा लपुटी तामाङको मृत्यु भएको भन्ने देखिन आएबाट निज प्रतिवादी बक्सिङ तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(२) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने।

इजलास अधिकृतः हरि कोइराला
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६८ साल माघ १३ गते रोज ६ शुभम्।

१४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६८-RC-०००९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सीताराम डगौरा चौधरी*

प्रतिवादी सीताराम डगौरा र मृतक सिङटाराम डगौरा एवं निजकी श्रीमती जीतरानीदेवी डगौराबीच बोक्सीको विषयमा यसभन्दा पहिले पनि पटक-पटक झैझगडा समेत हुने गरेकोमा मिति २०६६।१०।२५ गते साँझ पनि निजहरूबीच सोही विषयमा पुनः झगडा हुँदा आफ्नो घरमा भएको हँसिया र बञ्चरो समेत लिई आफ्नै घर आँगनमा रहेका सीताराम डगौराको घाँटीमा प्रतिवादी सीताराम डगौराले बञ्चरोले प्रहार गरी सिङटाराम डगौरालाई कर्तव्य गरी मारेको मिसिलबाट देखिँदा प्रतिवादी सीताराम डगौरा चौधरीलाई अभियोग माग दावीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने।

इजलास अधिकृतः हरि कोइराला
इति संवत् २०६८ साल माघ १३ गते रोज ६ शुभम्।

१५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कमलनारायण दास,** ०६६-WO-१३४८, उत्प्रेषणयुक्त परमादेश, *यज्ञप्रसाद बजगाई वि. नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, पश्चिम शाखा, कुलेश्वर काठमाडौं समेत*

विद्युत प्राधिकरणलाई बुझाउनुपर्ने विद्युत महसूल नबुझाएकाले नेपाल विद्युत प्राधिकरणले मालपोत कार्यालय कलंकी, काठमाडौंलाई निवेदक यज्ञप्रसाद बजगाईको नाउँको कि.नं. १०७९ को ०-६-० जग्गा र सोमा बनेको घर बेचबिखन, नामसारी, दान, बकसपत्र आदि व्यहोराले हक हस्तान्तरण गर्नबाट रोक्का राखी विद्युत महसूल असूलउपर गर्न सहयोग गर्न आग्रह गरेबमोजिम मालपोत कार्यालय कलंकीको मिति २०६०।८।१२ को पत्रले उक्त जग्गा रोक्का राख्ने गरी भएको निर्णयलाई गैरकानूनी भन्न नमिल्ने ।

निवेदक यज्ञप्रसाद बजगाई समेतको कि.नं. १०७९ को घर जग्गामा जडित ग्राहक नं. २२-२३-५५५ उदय श्री प्लाष्टिक उद्योग प्रा.लि.को नाममा रहेको मीटरबाट उठेको विद्युत महसूल भुक्तानी दायित्वको निर्धारण र सोसम्बन्धी विवादको निरूपण काठमाडौं जिल्ला अदालतमा चलेको मुद्दाबाट नै हुने हुँदा प्रस्तुत रिट निवेदनमा निवेदन मागबमोजिम आदेश जारी गर्न नमिल्ने हुँदा निवेदन खारेज हुने ।

इजलास अधिकृत: हरि कोइराला
कम्प्युटर: सरस्वती पौडेल
इति संवत् २०६८ साल पुस २२ गते रोज ६ शुभम् ।

१६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कमलनारायण दास,** ०६७-WO-१२८४, उत्प्रेषणयुक्त प्रतिषेध, *शारदादेवी अग्रवाल समेत वि. आन्तरिक राजश्व कार्यालय, धरान, सुनसरी*

सरकारी राजश्व बक्यौता रकम असूलसम्बन्धमा दावी सिर्जना गरिसकिएको सम्पत्ति उक्त कि.नं. २० को जग्गा बिगाहा ०-६-० को घर जग्गा आयकर ऐन, २०५८ को दफा १०५(४) बमोजिम आन्तरिक राजश्व कार्यालय, धरान सुनसरीले सार्वजनिक रूपमा लिलाम बिक्रीको लागि मिति २०६८।३।२२ को गोरखापत्र र कान्तिपुर राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरेको देखिन आएको छ । बक्यौता कर असूलीको यो कारवाही कानूनअरूप देखिन आएकोले यसबाट यी निवेदकहरूको कानूनी हकाधिकार कुण्ठित भएको वा त्यसमाथि गैरकानूनी ढंगबाट वा अनधिकृत तवरबाट अतिक्रमण भएको वा हुने सम्भावना रहेको भन्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: हरि कोइराला
कम्प्युटर: सरस्वती पौडेल
इति संवत् २०६८ साल पुस २२ गते रोज ६ शुभम् ।

- यसै लगाउको २०६७-CI-०१६५२, *शारदादेवी अग्रवाल समेत वि. आन्तरिक राजश्व कार्यालय, धरान, सुनसरी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ५

१

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. WO-०८९२, उत्प्रेषण समेत, *लोलाराज बस्नेत वि. गृह मन्त्रालय योजना तथा अनुगमन शाखा समेत*

नगर पञ्चायतलाई सार्वजनिक जग्गाको हक हस्तान्तरण गर्न पाउने अधिकार कानूनले प्रदान गरेको पाइँदैन । ल.पु.उ.म.न.पा. ४ भ. कि.नं. ७० को जग्गा यी निवेदकले लिलाम सकार गर्दैका समयमा कसैका नाममा दर्ता नरही पर्ती जग्गा रहेको भन्ने देखिन्छ भने सो जग्गा मिति २०५०।१०।२९ को निर्णयले तत्कालीन नेपाल सरकारको नाममा दर्ता रहेको भन्ने देखिन्छ । सो जग्गा २०३१ सालमा यी निवेदकले पर्ती जग्गाकै रूपमा भोगाधिकारसम्म प्राप्त गरी स्वामित्व सरकारका नाममा रहन गएको भन्नेमा विवाद छैन । लिलामबाट यी निवेदकले स्वामित्व प्राप्त नगरी केवल भोगाधिकारसम्म प्राप्त गरेको देखिन्छ । प्रस्तुत पर्ती जग्गा रू. २००१।- मा सकार गरी ३५ वर्षभन्दा बढी समयसम्म भोगचलन गरेको भन्ने देखिन आयो । यसरी सार्वजनिक सरकारी जग्गा सरकारी निकायबाट केही समयसम्म भोगचलन गर्ने गरी भोगाधिकार प्रदान गरेको देखिन आएबाट यस्तो भोगधिकार लामो समयसम्म रहनु पर्दछ भनी जिकीर गर्न सकिने अवस्था रहँदैन । यतिका लामो

समयसम्म निजले कानूनबमोजिम स्वामित्व प्राप्त गर्न प्रयास गरेको पनि नदेखिई नेपाल सरकारको नाममा दर्ता भएको तथ्य निर्विवाद रहन गएको अवस्थामा सामान्य प्रक्रियागत त्रुटि भएको आधारमा लिलाम यथावत् कायम भएकोबाट यी निवेदकले सदाका लागि भोगचलन गर्न पाउने र कुनै अवधि नतोकिएकोमा त्यसरी भोगचलन गरेको व्यक्तिलाई त्यस्तो सम्पत्तिमाथिको भोगाधिकारबाट सम्पत्तिको स्वामीले आफ्नो स्वामित्व फिर्ता गर्न नसक्ने भन्न सिद्धान्तः स्वामित्वको अवधारणाले समेत मिल्ने नदेखिने ।

भोगाधिकार सीमित अधिकार भएकोले भोगाधिकार प्राप्त व्यक्तिले स्वामित्वकर्ताको सम्पत्तिमाथिको असीमित अधिकारमा प्रतिकूल असर पार्न सक्ने अवस्था रहँदैन । सम्पत्तिमाथिको हकभोग स्वामित्ववालाले प्रदान गरेको भोगाधिकार सम्म मात्र सीमित रहन जान्छ । भोगाधिकार सीमित अधिकार भएकाले भोगाधिकारप्राप्त व्यक्तिले स्वामित्वकर्ताको सम्पत्तिमाथिको असीमित अधिकारको प्रतिकूल असर पार्न सक्ने अवस्था रहँदैन । सम्पत्तिमाथिको हकभोग स्वामित्ववालाले प्रदान गरेको भोगाधिकारसम्म मात्र सीमित रहन जान्छ । भोगाधिकार स्वामित्वको दृष्टिमा सीमित र नियन्त्रित हुने विधिशास्त्रीय मान्यता हो । दावीको जग्गा सरकारी जग्गा भएको र नगरपालिकाले त्यस्तो जग्गा लिलाम गरी व्यक्ति विशेषलाई दिनसक्ने कानूनी व्यवस्थाको अभाव रहेको स्थितिमा यी निवेदकले उक्त जग्गामा भोगाधिकारसम्म पाएको पुष्टि हुन आयो । यसबाट यी निवेदकलाई स्वामित्वको असीमित अधिकार भएको मान्न मिल्ने नदेखिने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल कात्तिक २५ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६३ सालको दे.पु.नं. ०८८०, २०६४ सालको दे.पु.नं. ७०, फैसला बदर हक कायम दर्ता बदर, *दुर्गाबहादुर गुरुङ वि. खिमराज सुवेदी समेत, धनमाया सुवेदी समेत वि. दुर्गाबहादुर गुरुङ*

आफ्नो हकको दावी गर्ने पक्षले आफ्नो हक अधिकारमा सचेत भै संरक्षण गर्न कानूनले निर्धारण गरेका जग्गा नापी दर्ता भोग चलन, तिरो भरो गर्ने जस्ता निश्चित प्रक्रियामा सहभागी हुनुपर्ने ।

कुनै पनि सक्षम निकायबाट भएको फैसला बदर माग गर्दा बदर हुनुपर्ने पर्याप्त आधार र कारण तथा त्यसबाट आफूलाई के असर परेको हो सो कुरा स्पष्टसँग खुलाई दावी गर्नुपर्ने ।

मिति २०५४।२।२१ मा भएको फैसलाबाट वादीको आफ्ना कुन कुन कित्ता नम्बरका के कति क्षेत्रफलको जग्गा कुन कुन प्रतिवादीको ठहर भयो र वादीलाई के कति र कसरी असर पर्न गएको हो र सो फैसलामा कुन हदसम्म बदर हुनुपर्ने हो भन्ने जस्ता आधारभूत कुरा फिरादपत्रमा खुलाउन र दावी गर्न सकेको पाइएन । यस्तो अस्पष्ट माग दावी तथा यी पुनरावेदक वादीको दावीको जग्गा हक पुग्ने ठोस एवं वस्तुनिष्ठ प्रमाण समेत अभाव रहेको अवस्थामा उक्त फैसला बदर हुन नसक्ने ।

इजलास अधिकृतः ऋषिराम आचार्य

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल पुस ४ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६३ सालको दे.पु.नं. ०८८१, खिचोला मेटाई लिखत दर्ता नामसारी, *दुर्गाबहादुर गुरुङ वि. देवीप्रसाद ढकाल समेत*

मुलुकी ऐन, अदालती बन्दोबस्तको ३६ नं. को हदम्यादको व्यवस्था सबै अवस्थाका विषयमा प्रयोगमा आउने र आकर्षित हुने नभई विधायिकाले नै हदम्यादको व्यवस्था नगरेको अवस्थामा मात्रै आकर्षित हुने ।

पुनरावेदक वादीले मुलुकी ऐन, जग्गा पजनीको १७ नं. को हदम्याद उल्लेख गरिरहेको अवस्थामा एउटा विषयमा २ वटा पृथक-पृथक प्रकृतिका हदम्यादको व्यवस्था अवलम्बन गर्न नमिल्ने हुँदा प्रस्तुत विवादको विषयमा अ.बं. ३६ नं को हदम्याद आकर्षित हुन नसक्ने ।

प्रस्तुत मुद्दाको फिराद कानूनले निर्धारण गरेको हदम्याद छ महिनाको अवधि व्यतीत गरी दायर भएको देखिँदा हदम्यादको अभावमा खारेज हुने ।

इजलासः ऋषिराम आचार्य

संवत् २०६८ साल पुस ४ गते रोज २ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको WO-०७३९, उत्प्रेषण, *कान्छीमाया कार्की के.सीं. वि. ६ नं. नापी गोश्वारा, महाराजगञ्ज, काठमाडौं समेत*

निवेदकले आफ्नो कति जग्गा कतातर्फ घुस्यो दावीको जग्गाको क्षेत्रफल कसरी पुग्न नसकेको हो ? सो कुराको विश्लेषणसहितको प्रमाण निवेदकले पुऱ्याउन पर्नेमा सो देखाउन सकेको पाइँदैन । नापी गोश्वाराबाट मिति २०६३।९।३० मा भएको निर्णयउपर चित्त नबुभ्ने पक्षले कानूनबमोजिमको म्यादभित्र सम्बन्धित अदालतमा निर्णय दर्ता बदरतर्फ उजूर गर्नुपर्नेमा सोअनुसारको उपचारको मार्ग अवलम्बन गरेको अवस्था पनि देखिँदैन । साधारण अधिकारक्षेत्रअन्तर्गत उपचारप्राप्त गर्न नसकेको वा उपचार प्रभावकारी नभएको अवस्थामा मात्र असाधारण अधिकारक्षेत्रअन्तर्गत यस अदालतमा प्रवेश गर्न मिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद अवस्थी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल साउन २४ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको CI-०३८१, निषेधाज्ञायुक्त परमादेश, *सीताराम मुखिया वि. गढदेव नि.मा.वि. औरावनी, सुनसरी समेत*

शिक्षा नियमावली, २०५९ को नियम २३ बमोजिम अभिभावकहरूको भेला गराई अभिभावकको नामावली समेत प्रकाशन गरी निर्वाचन प्रक्रियाबाट विद्यालय व्यवस्थापन समिति गठन गरेको र उक्त निर्वाचन प्रक्रियामा सबैभन्दा बढी मत प्राप्त गर्ने व्यक्तिलाई निर्वाचित गरेको र कम मत ल्याउने प्रत्यासी उम्मेद्वारहरूले समेत निर्वाचन प्रक्रियालाई अन्यथा भन्न नसकी स्वीकार गरेको लिखित जवाफ एवं मिसिल संलग्न निर्वाचन प्रक्रियासम्बन्धी कागजातहरूको प्रतिलिपिबाट देखिन्छ । यसप्रकार कानूनबमोजिमको प्रक्रिया पूरा गरी गठन भएको विद्यालय व्यवस्थापन समितिलाई कुनै कानूनी आधार बिना नै गैरकानूनी भनी बदर गरी अर्को व्यवस्थापन समिति गठन गर्नु भनी परमादेशको आदेश जारी गर्न मिल्ने अवस्था नदेखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद अवस्थी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल साउन २६ गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६६ सालको CI-०३८०, निषेधाज्ञायुक्त परमादेश, *सीताराम मुखिया वि. गढदेव नि.मा.वि. औरावनी, सुनसरी समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ७

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल, मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको स.फौ.पु.नं. ०६६-CR-०७०९, ०७८२, कर्तव्य ज्यान, *सुरेन्द्रबहादुर कुँवर वि. नेपाल सरकार, चन्द्रसिँह कुँवर समेत वि. नेपाल सरकार*

प्रतिवादीमध्येको चन्द्रसिँह कुँवरको अधिकारप्राप्त अधिकारीसमक्ष कसूरमा सावित भई गरेको बयान, वारदात प्रकृति मुचुल्का, जाहेरी दरखास्त र वादी पक्षका साक्षी द्रौपदी कुँवर समेतको अदालतमा भएको बकपत्र समेतका प्रमाणहरूबाट समर्थित भएको छ । प्रतिवादीहरू मानबहादुर कुँवर र सुरेन्द्रबहादुर कुँवरले आफूले लिएको अन्यत्र रहेको (Alibi) जिकीर मनासिब एवं भरपर्दो प्रमाण पेश गरी प्रमाणित गराउन सकेको नदेखिनु, आफू कसूरमा सावित भई अन्य प्रतिवादीहरूलाई समेत पोल गरी लेखाएको सहअभियुक्त चन्द्रसिँह कुँवरको पोल निजहरूका विरूद्धमा प्रमाण लाग्ने अवस्थाको देखिनु, जाहेरवाली द्रौपदी कुँवर र मौकाको दुरा कुँवरले प्रतिवादीहरू चन्द्रसिँह कुँवर, सुरेन्द्रबहादुर कुँवर र मानबहादुर कुँवर समेतको घटनामा संलग्नता थियो भनी स्पष्टसँग मौकाको व्यहोरालाई समर्थन गरी बकपत्र गरी दिएको देखिनु समेतका आधार प्रमाणहरूबाट प्रतिवादीहरू चन्द्रसिँह कुँवर, सुरेन्द्रबहादुर कुँवर र

मानबहादुर कुँवरलाई अभियोग दावीबमोजिमको आरोपित कसूरमा कसूरदार देखिने ।

मृतकलाई मार्नुपर्नेसम्मको पूर्व रिसइवी, तयारी एवं योजना नभएको मृतकको घरको काम धन्दा नगरी आफ्नो परिवारको पालनपोषण समेत नगर्ने हुँदा मृतक र प्रतिवादीहरू एउटै परिवारका सदस्यहरू भएको कारणले मृतककी पत्नीको भनाईअनुसार नै मृतकलाई सम्झाउने बुझाउने साथै सुधार गर्ने मनसायले कुटपीट गर्दा निजको मृत्यु भएको देखिएको, प्रतिवादीहरूले मृतकलाई जानीजानी मार्ने मनसायले नै कुटपीट गरेको भन्ने कुरा समेत नदेखिएको हुनाले अपराध हुँदाको कारण, अवस्था र परिस्थितिलाई समेत विचार गर्दा प्रतिवादीहरूलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम प्रतिवादीहरू चन्द्रसिँह कुँवर, सुरेन्द्रबहादुर कुँवर र मानबहादुर कुँवरलाई जनही ६ (छ) वर्ष मात्र कैद सजाय गर्न न्यायको दृष्टिबाट उपयुक्त हुँदा निज प्रतिवादीहरू चन्द्रसिँह कुँवर, सुरेन्द्रबहादुर कुँवर र मानबहादुर कुँवरलाई जनही ६ (छ) वर्ष कैद हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल मंसिर ७ गते रोज ४ शुभम् ।

## इजलास नं. ८

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** फौ.पु.नं. ०६४-CR-०२३, भ्रष्टाचार, *नेपाल सरकार वि. जयप्रकाश प्रसाद गुप्ता समेत*

स्वयं प्रतिवादीले जिकीर लिन नसकेको विषयमा कुनै निजी संस्था विशेषले पछिबाट लेखेको पत्रका भरमा त्यस्तो रकमलाई आयमा समावेश गर्न नमिल्ने ।

परियोजना प्रस्तावमा उल्लिखित लागत अनुमानित भएकाले त्यस्तो प्रस्तावमा केही घटबढ हुनु अस्वाभाविक हुँदैन । तर स्वलगानीको कत्ति पनि अंश लगानी नगरी परियोजना निर्माण गरेको भन्न नमिल्ने ।

सार्वजनिक जिम्मेवारीको पदमा रहेका व्यक्तिहरूलाई राज्यले भन्सार छूटको सुविधा दिई खरीद भएको गाडी आफूले प्रयोग नगरी अन्यत्र भाडामा लगाई आय प्राप्त गरेको भन्ने कुरा प्रथमदृष्टिमा नै कानूनसम्मत नदेखिने ।

गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा यो यस वैधानिक स्रोतबाट आय आर्जन गरेको हो भनी पुष्टि गर्ने दायित्व प्रतिवादीउपर रहने ।

सार्वजनिक पदीय हैसियतका कारण राज्यले विशिष्ट व्यक्तिलाई भन्सार छूट दिई प्रदान भएको सुविधा जे जुन प्रयोजनका लागि दिइएको हो सोहीअनुरूप प्रयोग हुनु कानूनसम्मत र वाञ्छनीय हुन्छ । सार्वजनिक पदीय हैसियतलाई दिइएको सुविधाको गाडी ब्यापारीले जस्तो भाडामा लगाएर आय आर्जन गरेको कुरा कानूनसम्मत मान्न नमिल्ने हुँदा आयको स्रोत नै कानूनसम्मत नभएको आर्जनलाई मान्यता दिन नमिल्ने ।

आयस्रोतका सम्बन्धमा सरकारी कार्यालयले पठाएको तलवी विवरणका आधारमा आयको मान्यता प्राप्त हुन्छ । त्यसरी नै व्ययका सम्बन्धमा आर्जित सम्पत्ति, शिक्षा, स्वास्थ्यमा भएको खर्च र बैंक स्टेटमेण्टबाट प्रमाणित भएको कारोवारको अङ्कलाई मान्यता प्रदान गर्नुपर्ने ।

वैध स्रोतबाट हासिल हुन सक्ने आयको तुलनामा आर्जित सम्पत्ति उच्च र अमिल्दो देखिन्छ, जीवनयापन र रहनसहनमा गरिएको खर्च अस्वाभाविक देखिन्छ, आर्थिक कारोबार स्वाभाविक देखिँदैन भने सार्वजनिक पदको दुरुपयोग गरी गैरकानूनी रुपमा आर्जन गरेको भन्ने अनुमान स्वतः पुष्टि हुने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

इति सम्वत् २०६८ साल फागुन ९ गते रोज ३ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७-WO-०९७९, उत्प्रेषणयुक्त परमादेश, *श्रीनारायण यादव वि. जिल्ला शिक्षा कार्यालय, धनुषा, जनकपुर*

निवेदक श्रीनारायण यादवले शिक्षकको रूपमा सेवा प्रवेश गरी कार्यरत् रहेको अवस्थामा आफूले

भरी शिक्षक किताबखानामा पठाउनु पर्ने वैयक्तिक विवरण (सिटरोल) नै नभरेको भनी विपक्षीहरूको लिखित जवाफमा उल्लेख भएको र निवेदकले शिक्षण सेवामा प्रवेश गर्दा पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्रबाट निजको जन्ममिति २०१२।१।१ बाट गणना गर्दा २०७१ साल चैत मसान्तमा निजको उमेर ६० वर्ष पुग्ने भए पनि निजले मिति २०३१।११।२३ मा प्राप्त गरी पेश गरेको नागरिकताको प्रमाणपत्र नं. ९९४८१४८७ को नागरिकता प्रमाणपत्रमा निजको उमेर २५ वर्ष उल्लेख भएको हुँदा सो आधारमा निजको जन्ममिति २००६।११।२३ भै मिति २०६६।११।२२ मा निवेदकको उमेर ६० वर्ष पुगिसकेकोले र सो उमेरबाट नै निज पहिले नै अवकाश हुने देखिन आएको हुँदा निवेदकले नै सेवा प्रवेश गर्दा पेश गरेको उक्त नागरिकताको प्रमाणपत्रलाई निजको अनिवार्य अवकाशको लागि आधार लिई उमेर गणना गरेको विपक्षी जिल्ला शिक्षा कार्यालय धनुषाको मिति २०६७।१२।२ को निर्णयलाई निवेदन जिकीरको भरमा मात्र अन्यथा भन्न सकिएन । यस सन्दर्भमा निवेदकलाई मिति २०६७।१०।१० देखि अनिवार्य अवकाश दिनेसम्बन्धी जिल्ला शिक्षा कार्यालय, धनुषाबाट भएको उक्त निर्णय शिक्षा नियमावली, २०५९ मा भएको मिति २०६७।१०।९ को छैटौं संशोधनले उक्त नियमावलीको नियम १३१ (१) गरेको संशोधित व्यवस्थाअनुरूप र सो व्यवस्था कार्यान्वयनको सिलसिलामा शिक्षा मन्त्रालय, विद्यालय शिक्षक किताबखानाको च.नं. मिति २०६७।११।१ को परिपत्रबमोजिम नै भए गरेको देखिँदा मिति २०६८।१।७ मा जारी भएको अन्तरिम आदेश रिट निवेदकले पेश गरेको मिति २०६७।१२।४ को प्रतिलिपि नागरिकताको प्रमाणपत्रलाई आधारमा लिई जारी भएको र निजले आफ्नो सेवा प्रवेश गरेको अवस्थामा रहेको र पेश गरेको नागरिकताअनुसार अनिवार्य अवकाश पाउने कुरालाई लुकाई नयाँ प्रतिलिपि नागरिकता लिई सो पेश गर्दै यस अदालतमा सफा हात नलिई झुक्याउने अभिप्रायले आई अन्तरिम आदेश लिएको पाइँदा निजले विपक्षी जिल्ला शिक्षा कार्यालयको निर्णयानुसार अनिवार्य अवकाश पाएको मिति २०६७।१०।१० पछि निजले पाएको तलव, भत्ता र सुविधा समेत अवैध रहेको भई प्रचलित कानूनबमोजिम सम्बन्धित पक्षले असूलउपर गर्न सक्ने नै देखिँदा सो अन्तरिम आदेश समेत निष्क्रिय भई प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरिराज कार्की

इति संवत् २०६८ साल माघ १७ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-CI-०२३७, परमादेश, *तीर्थबहादुर बस्नेत वि. मालपोत कार्यालय, कास्की*

निवेदन दावीको जग्गा नेपाल सरकारको नाममा दर्ता भैसकेको एकातिर देखिन्छ भने अर्कोतिर कि.नं. २२८ समेतको जग्गा निवेदकको नाममा दर्ता गर्न नमिल्ने भनी निर्णय भइसकेपछि उक्त कि.नं. २२८ सँगै कि.नं. ८५८ समेत उल्लेख गरी मालपोत कार्यालयले दर्ताको कारवाही अगाडि बढाएन भनी दायर भएको निवेदनबाट परमादेशको आदेश जारी हुने अवस्था देखिन नआउने ।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल माघ १२ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CI-०६९७, निषेधाज्ञा, *नन्दलाल पाण्डे वि. सुकदेव राउत अहिर समेत*

नागरिकको नागरिक अधिकार हनन् हुने प्रबल सम्भावना भएको अवस्थामा निषेधाज्ञाको आदेशद्वारा सो हकको संरक्षण हुन्छ । प्रस्तुत मुद्दामा पुनरावेदन अदालतबाट नाप नक्सा हुँदा दावीको नि.नं. १५८ को जग्गमा नाला बनेको नदेखिएको र कि.नं. ७१ को जग्गामा नाला बनेको देखिए पनि सो नाला २०६६।१०।५ देखि ऐ. १५ गतेसम्म बनिसकेको भन्ने लिखित जवाफ र सर्जमीनका व्यक्तिले भनिरहेको अवस्थामा निषेधाज्ञाको आदेशद्वारा नाला बनाउन रोक्नुपर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल माघ १२ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-MS-०५९४, अदालतको अपहेलना, *नन्दलाल पाण्डे वि. सुकदेव राउत अहिर समेत*

यसै लगाउको यिनै पुनरावेदकले यिनै प्रत्यर्थीउपर दिएको ०६७-CI-०६९७ को निषेधाज्ञा मुद्दामा निवेदकको दावीको कि.नं. ७१ को जग्गामा नाला बनेको देखिए पनि सो नाला अदालतबाट अन्तरिम आदेश हुनुभन्दा पूर्व नै बनिसकेको कारणबाट निषेधाज्ञाको आदेश जारी नहुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको फैसला सदर हुने ठहरी आजै यसै इजलासबाट फैसला भएको हुँदा पुनरावेदन जिकीरबमोजिम अदालतको अपहेलना भएको भन्ने देखिन नआउने ।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल माघ १२ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** २०६७ सालको रिट नं. WO-०७६६, उत्प्रेषण परमादेश, *रोहिणीकुमार पोखरेल वि. श्री निजामती किताबखाना हरिहर भवन ललितपुर समेत*

रिट निवेदकले कुनै दूषित मनसायले आफ्नो उमेरसम्बन्धी विवरण फरक पारी बढी समय काम गरेको भन्ने अवस्था नदेखिई निजलाई ऐन नियमले अवधि पुग्ने मिति २०६७।१।११ मा अवकाश नदिई मिति २०६७।७।११ देखि मात्र अवकाश दिएको कारणबाट निजले मिति २०६७।१।११ देखि २०६७।७।११ सम्म बढी अवधि काम गरेको भन्ने देखिन्छ । निजामती सेवा ऐन, २०४९ को दफा २८(२) मा, “कुनै निजामती कर्मचारीले पकाएको भत्ता तलव र भत्ता पाउने भए भत्ता समेत जुनसुकै व्यहोराबाट निजामती सेवामा नरहेमा पनि पाउनेछ" भन्ने व्यवस्था रहेको र यससम्बन्धमा यस अदालतबाट संवत् २०६५ सालको रिट नं. WO-०७६८ निवेदक सुरेन्द्रबहादुर कार्की, विरूद्ध सामान्य प्रशासन मन्त्रालय समेत भएको उत्प्रेषण समेतको मुद्दामा व्याख्या भई सिद्धान्त समेत प्रतिपादन भइरहेको पाइन्छ । तसर्थ, निवेदकले मिति २०६७।१।११ देखि २०६७।७।११ सम्म बढी समय कार्यरत् रही रू. १,०४,६८६।९२ बढी भुक्तानी लिएको कट्टा भएपछि दिने भनी निजामती किताबखानाको मिति २०६७।७।१७ को अधिकारपत्रमा उल्लिखित निर्णय निजामती सेवा ऐन तथा नियमावलीमा भएको कानूनी व्यवस्था, प्रतिपादित सिद्धान्त र श्रमसम्बन्धी विधिशास्त्रीय दृष्टिकोणबाट समेत न्यायसँगत नदेखिँदा सो निर्णय र सोका आधारमा गरेका कामकारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

निवेदकको निवृत्तिभरणको अवधि पुग्ने मिति २०६७।१।११ मा भएकोमा विवाद नदेखिँदा सोही मितिदेखि लागू हुने गरी निवृत्तिभरण अधिकारपत्र बनाई दिनु र मिति २०६७।१।११ देखि २०६७।७।११ सम्म बढी समय कार्यरत् रही सेवा गरेबापत्को तलव भत्ताको रकम रू. १,०४६८६।९२ कट्टा नगर्नू, नगराउनु तथा एकै पदबापत तलव भत्ता तथा निवृत्तिभरण समेत दोहोरो पाउन नसक्ने हुँदा निवेदकले तलव भत्ता लिइसकेको अवधिपछि अर्थात् २०६७।७।१२ देखि मात्र निवृत्तिभरण समेतका सुविधा दिनु दिलाउनु भनी विपक्षीहरूका नाउँमा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः विष्णु अवस्थी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल भदौ १३ गते रोज ३ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको WO-११६५, उत्प्रेषण, *सुरेशकुमार कर्माचार्य समेत वि. नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय समेत*

विपक्षीहरूले पेश गरेको लिखित जवाफबाट रिट निवेदकहरू नियमावलीको नियम ५.२(ख) बमोजिम निवृत्तिभरण लिई स्वेच्छिक लिएको नभई नियम ५.२ (च)(३) अनुरूप नियम ५.२(घ) र अनुसार उपदानको रकम लिई स्वेच्छिक अवकाश प्राप्त गरेको भन्ने देखिएको हुँदा रिट निवेदकहरूले उक्त नियम ५.३(ख) को सुविधाप्राप्त गर्नसक्ने देखिन आएन । कानूनको एउटा दफाको व्याख्या गर्दा अर्को दफाको व्यवस्थालाई प्रभावहीन बनाउने गरी व्याख्या गर्न मिल्दैन । नियमको एउटा प्रावधानअनुसार सुविधा लिएपछि समानान्तर रूपमा रहेको अर्को नियमको सुविधा पाउनुपर्दछ भनी दावी गर्न मिल्दैन । यी निवेदकहरूले एकमुष्ट उपदान पाउने गरी स्वेच्छिक अवकाश लिएपछि

निवृत्तिभरणअन्तर्गतको सुविधा पाउनु पार्दछ भनी दावी गर्न नमिल्ने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६८ साल मंसिर २५ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको २०६५ सालको WO-०३३१, उत्प्रेषण, *हरिकृष्ण श्रेष्ठ समेत वि. नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय समेत* भएको मुद्दामा पनि यसैअनसार आदेश भएको छ ।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको रिट नं. ०६७-WO-०१८४, उत्प्रेषण समेत, *निर्मला हमाल वि. निजामती किताबखाना समेत*

निवेदिकाले नोकरी वा सेवामा प्रवेश गर्दा भरेको वैयक्तिक विवरण (सिटरोल), निजको शैक्षिक योग्यतामा उल्लेख भएको जन्ममिति र निजको नागरिकताको प्रमाणपत्र समेतलाई दृष्टिगत गर्दा निजको जन्ममिति २०१७।४।५ बाहेक अन्यथा भए रहेको भन्न सकिने स्थिति देखिन आएन । यसकारण जन्ममिति २०१७।४।१४ कायम गरी निवेदिकालाई अवकाश दिनेसम्बन्धी भए गरेका कामकारवाही स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ४५ को विपरीत निवेदिका ६० वर्ष नपुग्दै भए गरेको देखिँदा सो कामकारवाहीबाट निवेदिकाको पेशा रोजगार गर्न पाउनेसम्बन्धी हक अधिकारमा आघात पर्न जाने देखिँदा बिना आधार निवेदिकाको जन्म मिति २०१७।४।१४ मानी निवेदिकालाई अवकाश दिने गरी लेखिएको निजामती किताबखानाको च.नं. ११४/१००८ मिति २०६७।४।१९ को पत्र र सोसम्बन्धी भए गरेका कामकारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब स्वास्थ्य सेवा ऐन, २०५३ एवं प्रचलित कानूनबमोजिम बाहेक निजलाई उमेरको हद नपुगेसम्म यथावत् कामकाज गर्न दिनु भनी विपक्षीको नाममा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल माघ ११ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५ सालको रिट नं. ०६५-WO-०६७४, उत्प्रेषणयुक्त परमादेश, *अनीलकुमार कर्ण वि. जिल्ला स्वास्थ्य कार्यालय, रौतहट समेत*

अधिकृतस्तरको कर्मचारीको सरूवा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २० ले नेपाल सरकारले गर्नसक्ने र त्यस्तो अधिकारको प्रत्यायोजन गर्ने व्यवस्था भएमा सो कुरा राजपत्रमा प्रकाशित हुनुपर्ने दफा ९३ मा कानूनी व्यवस्था गरिएको छ । नेपाल सरकारको तर्फबाट उपस्थित सहन्यायाधिवक्ताले मिति २०६७।१।६ को राजपत्रमा सूचना प्रकाशित गरिएको छ भनी सूचनाको प्रतिलिपि पेश गरेको सन्दर्भमा हेर्दा प्रस्तुत रिट निवेदन मिति २०६६।१।८ मा परिसकेको लामो समयपश्चात् राजपत्रमा सूचना प्रकाशित भएको साथै उक्त सूचनामा पश्चातदर्शी असर रहने भन्ने व्यवस्था समेत उल्लेख नभएको हुँदा यो भै गरिसकेको कार्यलाई पछाडि आएको प्रावधानले प्रभाव पार्न सक्दैन । यस अदालतबाट यस्तै विषय र प्रकृतिको मुद्दामा "कानूनले अधिकार प्रत्यायोजन सम्बन्धमा गजेटमा प्रकाशन गर्नुपर्ने गरी गरेको प्रष्ट कानूनी व्यवस्थाबमोजिम प्रकाशन नभएको प्रत्यायोजनले आधिकारिकता प्राप्त गर्न नसक्ने कानूनले आधिकारिकता नै प्राप्त गर्न नसक्ने अधिकार प्रत्यायोजनको आधारमा भएको सरूवालाई कानूनबमोजिमको कार्य भन्न नसकिने त्यस्तो सरूवाको निर्णय एवं सरूवापत्र बदर हुने" सिद्धान्त प्रतिपादन भइरहेको पाइन्छ । (*नेकाप* २०६५ अङ्क ८, निर्णय नं. ८००३ पृष्ठ ९८५) । प्रस्तुत निवेदनमा पनि सोही विषय प्रश्न समावेश भएको हुँदा अधिकारप्रत्यायोजन नै नभएको अवस्थामा निवेदकलाई स्वास्थ्य सेवा विभागबाट सरूवा गरेको कानूनबमोजिम तोकिएको अधिकारीबाट कानूनअनुरूप भएको मान्न नमिल्ने हुँदा निवेदक छैटौं तहको अधिकृतमा स्तर वृद्धि भएको र त्यस्ता अधिकृतस्तरको पदको सरूवा अधिकार प्रत्यायोजनबाट हुनसक्ने भए तापनि त्यस्तो प्रत्यायोजन तत्काल सरूवा गरिँदा राजपत्रमा सूचना प्रकाशित गरेको हुनुपर्ने सो समेत भएको नपाइएको र पछि राजपत्रमा प्रकाशित त्यस्तो प्रत्यायोजनको कानूनी हैसियत सो पूर्वको अवस्थामा प्राप्त गर्न नसक्ने हुँदा

स्वास्थ्य सेवा विभागको मिति २०६५।१२।२८ को निर्णय र सरूवापत्र अधिकारक्षेत्रविहीन भई उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । स्वास्थ्य सेवा ऐन, २०५३ (तेस्रो संशोधन, २०६३) एवं स्वास्थ्य सेवा नियमावलीले तोकेको प्रक्रिया पूरा गरेर मात्र सरूवासम्बन्धी कार्य गर्नु भन्ने विपक्षीको नाममा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः भोलाप्रसाद ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल माघ ११ गते रोज ४ शुभम् ।

- २०६५ सालको रिट नं. ०६५-WO-०६७५, उत्प्रेषण परमादेश, *जयराम दुवाडी वि. जिल्ला जनस्वास्थ्य कार्यालय, चितवन समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

## रायबाझी फैसला

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६५-CI-०६९६, नापी दर्ता बदर, *डम्बरकुमार नेयोङहाङ लिम्बू समेत वि. गंगामाया सेन्दाङ्ग लिम्बू*

**मा.न्या.श्री अवधेशकुमार यादवको रायः**

पुनरावेदक वादीहरूको जग्गा घुसाई नापी गराएकोमा जग्गा नापजाँच ऐन, २०१९ मा हदम्यादको व्यवस्था नभएपछि स्वतः अन्य ऐन आकर्षित हुने हुन्छ । यस्तै तथ्य समावेश भएको ललितबहादुर चित्रकार समेत विरूद्ध तुल्सी चित्रकार समेत भएको हक कायम मुद्दामा (*नेकाप* २०४९, अङ्क ४, पृष्ठ ३७१, नि.नं. ४५१६) नापीको सूचनाबमोजिम जग्गा नापी गराउन नगएको नाताबाट र जग्गाधनी प्रमाणपूर्जा लिन नगएको कारणबाट एकाको हक स्वामित्व स्वतः समाप्त हुने व्यवस्था जग्गा नापजाँच ऐनमा नभएको..., जग्गा नापजाँच ऐन, २०१९ मा दर्ता बदरतर्फ हदम्यादको व्यवस्था नभएकोले उक्त सिंगो ऐनलाई मात्र भर पर्ने स्थिति पर्दैन । जग्गा नापजाँच ऐन, २०१९ ले गरेको व्यवस्थादेखि बाहेकका कुरामा प्रचलित कानूनबमोजिम हुने र उक्त जग्गा नापजाँच ऐन, २०१९ ले जग्गा मिच्नेको महलको १८ नं. र जग्गा पजनीको १७ नं. आकर्षित हुने... भन्ने समेत सिद्धान्त प्रतिपादन भएको पाइन्छ । यसर्थ प्रस्तुत मुद्दामा मुलुकी ऐन, जग्गा पजनीको १७ नं. तथा मिच्नेको १८ नं. मा भएको व्यवस्था आकर्षित हुने देखिन आयो । अतः पुनरावेदक वादीले जग्गा पजनीको १७ नं. तथा जग्गा मिच्नेको १८ नं. मा भएको व्यवस्थाबमोजिम म्यादभित्र फिराद लिई आएको देखिँदा हदम्यादविहीन भन्न नमिल्ने ।

नापी गर्ने क्रममा नक्साको न.नं. १९ मा उल्लेख भएको जग्गामा मात्र वादीहरूले विवाद देखाएकोले सो न.नं. १९ को ०-३-१-३.७ जग्गा मात्र प्रतिवादीले आफूले खरीद गरेको जग्गामा घुसाई नापी गराएको मान्नुपर्ने ।

पुनरावेदक वादीले बिक्री गरेको भन्दा बढी जग्गा आफूले खरीद गरेको जग्गामा घुसाई नापी गराई दर्ता समेत गराएको देखिएकोले बढी नापी गराई प्रत्यर्थी प्रतिवादीका नाउँमा दर्ता गरेको पुनरावेदन अदालत इलामको आदेशानुसार मिति २०६३।३।१५ मा नापनक्सा भएको नक्सा कुण्डलीको न.नं. १९ को ०-३-१-३.७ जग्गा मात्र प्रतिवादीको नाममा कायम गरेको नापीको निर्णय दर्ता बदर भई वादीहरूको नाममा दर्ता समेत हुने ठहर्छ । वादीहरूले बिक्री गरेको भन्दा बढी जग्गा नापी दर्ता गराएको निर्णय बदर गर्नुपर्नेमा वादी दावी पुग्न नसक्ने ठहर गरेको ताप्लेजुङ्ग जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६३।५।१४ को फैसला मिलेको नहुँदा उल्टी हुने ।

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्कीको रायः**

२०२४ सालमा नापी हुँदा कि.नं. ४६ र ४८ आफ्नो नाउँमा नापी गराएबाट कि.नं. ४७ को आफ्नो नाउँमा नापी नभएको कुरा मौकैमा थाहा भएन भन्न नमिल्ने हुँदा हदम्यादको अभावमा खारेज हुने भनी रामनारायण खाँ विरूद्ध रतनलाल थनदार भएको दर्ता बदर दर्ता कायम मुद्दामा (*नेकाप* २०५१, पृष्ठ नि.नं. ४८९९), तथा सर्भे नापीको क्रममा एकाको हकभोगको मितिबाटै मुद्दा गर्नुपर्ने कारण सिर्जना भएको मान्नु पर्छ । विवादको जग्गा वादीको आमाको नाउँमा दर्ता नभई प्रतिवादीको आमाको नाउँमा २०२३ सालमा दर्ता भएकोमा विवाद नभएपछि सो दर्तातर्फ जग्गा मिच्नेको म्यादभित्र दर्ता बदरतर्फ नालिस गर्नुपर्नेमा गरेको देखिन नआएकाले वादी दावीका अन्य कुरामा विचार गरिरहन परेन भनी

मु.स. गर्ने भक्तबहादुर विरूद्ध मु.स. गर्ने कृष्णबहादुर समेतको मुद्दामा वृहद पूर्ण इजलासबाट (नेकाप २०६२, पृष्ठ ४०१, नि.नं. ७५१९) तथा यसैअनुसार मु.स. गर्ने आनन्दसागर विरूद्ध जगतमान समेतको मुद्दामा (*नेकाप* २०६३, पृष्ठ ९३३, नि.नं. ७७३७) निर्णय भएको पाइने।

आँठा साँधमै उपस्थित भई आफ्नो जग्गा नापी दर्ता गराउने वादीले नापी दर्ता भएको धेरै समयको अन्तरालपछि दावी गर्न आएको अवस्था र दावी गरेको जग्गामा वादीकै भोग रहे भएको तथ्य पुष्टि हुन नसकेको स्थितिमा हदम्याद र भोगाधिकारको सिद्धान्तअनुसार पुनरावेदक वादीलाई सहयोग पुग्न सक्ने देखिएन। प्रत्यर्थी गंगामायाको दर्ता अवधिभर नालेस गर्न नसकी एकैपटक उद्योग वाणिज्य संघ ताप्लेजुङ्गलाई उक्त जग्गा बिक्री गरेपश्चात् २०६०।५।२६ मा जग्गा पजनीको १७ नं. तथा जग्गा मिच्नेको १८ नं. मा भएको हदम्यादलाई आधार मानी अदालत प्रवेश गरेको देखिन्छ। जग्गा पजनीको १७ नं. तथा जग्गा मिच्नेको १८ नं. मा भएको हदम्याद सदाको लागि खुला हदम्याद होइन त्यसको पनि निश्चित आधार र सीमा छ। उक्त व्यवस्थाअनुसार पनि मुद्दा गर्नुपर्ने कारण भए थाहा पाएको मितिबाट हदम्याद शुरू हुने तथ्यलाई अन्यथा व्याख्या गरिनु हुँदैन। प्रस्तुत विवादमा जग्गा नापी हुँदा यी वादीहरू स्वयं उपस्थित भै सीमानामा नै आफ्ना अरू जग्गा नापी गराएको तथा जग्गाधनी प्रमाणपूर्जा पाएको स्थितिमा आफ्नो जग्गा अरूले नापी गराएको भए सोही मितिबाट मुद्दा गर्नुपर्ने कारण सिर्जना भएको मान्नुपर्ने भएबाट हदम्यादको आधारमा वादी दावी खारेज गर्नुपर्नेमा खारेज नगरी वादी दावी नपुग्ने ठहर गरे तापनि उक्त निर्णयबाट इन्साफमा तात्विक भिन्नता नहुने हुँदा पुनरावेदन अदालत इलामको मिति २०६३।५।१४ को फैसला परिवर्तन गरिरहन परेन, उक्त फैसला सदर हुने।

माननीय न्यायाधीश श्री अवधेशकुमार यादवज्यूले व्यक्त गर्नु भएको रायसँग मतैक्य हुन नसकेकाले प्रस्तुत मुद्दा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम (३) बमोजिम पूर्ण इजलाससमक्ष पेश हुने।

इजलास अधिकृतः अशोककुमार बस्नेत
कम्प्युटरः रानु पौडेल, मन्दिरा रानाभाट
इति संवत् २०६८ साल भदौ २६ गते रोज २ शुभम्।

- यसै लगाउको ०६५-CI-०६९७, लिखत बदर, *डम्बरकुमार नेयोङहाङ (लिम्बू) वि. गंगामाया सेन्दाङ्ग समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## एकल इजलास

१

**मा.न्या.श्री प्रकाश वस्ती,** २०६८-WH-००२३, बन्दीप्रत्यक्षीकरण, *बिक्रमराम मोची वि. महानगरीय प्रहरी वृत्त, कालीमाटी, काठमाडौं*

वन्दी भनिएका अर्जुनरामको साथबाट लागू औषध लुकाइराखेको अवस्थामा बरामद भई तत्काल बरामदी मुचुल्का खडा गरी अनुसन्धानको कारवाही अघि बढाई थप अनुसन्धान गर्नका लागि काठमाडौं जिल्ला अदालतबाट विधिवत् म्याद थप समेत गरेको अवस्था देखिँदा त्यस्तो थुनालाई गैरकानूनी थुनुवाको संज्ञा दिन मिल्ने देखिएन। प्रचलित कानूनबमोजिम अपराध अनुसन्धान गर्ने अधिकारप्राप्त निकायबाट अनुसन्धानको क्रममा मुद्दा हेर्ने निकायको अनुमति लिई अनुसन्धानको क्रममा हिरासतमा रहेको देखिइरहेको अवस्थामा गैरकानूनी थुना मानी बन्दीप्रत्यक्षीकरणको क्षेत्रबाट हस्तक्षेप गर्न मिलेन। निजलाई सोही मुद्दाबाट थुनामा राख्नपर्ने वा नपर्ने के हो भन्ने कुराको न्यायिक निरूपण हुने विषय हुँदा अर्जुनरामलाई साधिकार अदालतबाट म्याद लिई कानूनबमोजिम नै थुनामा राखेको अवस्था र स्थिति देखिएको हुँदा मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनाबाट मुक्त गर्न मिलेन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल असोज १५ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-WO-००३४, उत्प्रेषण, परमादेश, *नारायणबहादुर राई समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

शिक्षा नियमावली, २०५९, को परिच्छेद् २३क को व्यवस्थाले सामुदायिक विद्यालयमा कार्यरत्

कर्मचारीहरूको लागि निश्चित मापदण्डको आधारमा विद्यालयलाई नेपाल सरकारबाट प्राप्त हुने अनुदान एवं विद्यालयको आन्तरिक स्रोत समेतलाई विचार गरी विद्यालयको व्यवस्थापन समितिले निश्चित कार्यविधिको अधीनमा रही कर्मचारी नियुक्ति, सेवा शर्त र सुविधालगायतका व्यवस्था गर्नुकासाथै विद्यालयले कर्मचारीले गर्ने कार्य विद्यालयको कुनै शिक्षकद्वारा गराउन सक्नेछ भन्ने उल्लेख भएको पाइन्छ।

निवेदकहरू नारायणबहादुर राई चितवन उच्च मा.वि.मा लेखापाल पदमा र खड्गबहादुर क्षेत्री सोही विद्यालयमा पियन पदमा कार्यरत् कर्मचारी भन्ने देखिन्छ। शिक्षा नियमावली, २०५९ को परिच्छेद् २३ क. मा सामुदायिक विद्यालयका कर्मचारीसम्बन्धी उक्त कानूनी व्यवस्थाबाट सामुदायिक विद्यालयमा कार्यरत् कर्मचारी एवं विद्यालयको निजी स्रोतमा नियुक्ति हुने कर्मचारीहरूको सेवा, शर्त र सुविधासम्बन्धी नियमावली बनाउँदा कर्मचारीहरूको हक अधिकार एवं सेवा, शर्त र सुविधा अझ सुनिश्चित हुन जाने हुँदा शिक्षा नियमावलीमा उल्लिखित व्यवस्थाबाट उच्च मा.वि. मा कार्यरत् यी निवेदकहरूलाई असमान व्यवहार भएको भन्न मिल्ने अवस्था नदेखिने।

इजलास अधिकृतः हरि कोइराला
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल मंसिर १९ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-WO-०६०५, उत्प्रेषण समेत, *यज्ञबहादुर बस्नेत वि. गृह मन्त्रालय समेत*

रिट निवेदक बिदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित रहेको र निजलाई सेवामा हाजीर हुन व्यक्तिगत सूचना दिनुको साथै राष्ट्रिय दैनिक गोरखापत्रमा सार्वजनिक सूचना समेत प्रकाशित गरेको अवस्थामा सुनुवाइको मौका नदिएको भन्ने रिट दिवेदकको दावी विश्वसनीय देखिएन। पदअनुरूपको आचरण तथा पदीय दायित्व निर्वाह नगरेमा सोही ऐन तथा नियमावलीले निर्धारण गरेको प्रक्रियाबमोजिम सजाय गर्ने अधिकार अख्तियारवालालाई भएको र बिना सूचना आफूखुशी कार्यालय छाड्ने र अनुशासनहीन एवं गैरजिम्मेवारपूर्ण कार्य गरेमा भविष्यमा सरकारी नोकरीका लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउन सकिने प्रावधान प्रहरी नियमावली, २०४९ को नियम ८४(छ) मा व्यवस्था भएबमोजिम निवेदकको हकमा महानगरीय प्रहरी पहरा गण मुख्यालय त्रिपुरेश्वरका प्रहरी उपरीक्षकबाट भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी भएको निर्णयउपर महानगरीय प्रहरी आयुक्तको कार्यालय, रानीपोखरीसमक्ष पुनरावेदन समेत दिई सोही फैसला कायम हुने गरी अन्तिम भै बसेको अवस्था देखिन्छ। यसरी अधिकारप्राप्त व्यक्ति/निकायबाट कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी भए गरेको कार्यले निवेदकको संविधानप्रदत्त मौलिक हकमा आघात परेको भनी मान्न नमिल्ने।

इजलास अधिकृतः दण्डपाणि लामिछाने
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६८ साल माघ २ गते रोज २ शुभम्।

- ०६८-WO-०६००, उत्प्रेषण समेत, *रघुनाथ के.सी. वि. प्रहरी प्रधान कार्यालय समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-WO-०६०२, उत्प्रेषण समेत, *मनकुमार शेर्पा वि. क्षेत्रीय शिक्षा निर्देशनालय, पूर्वाञ्चल धनकुटा समेत*

निवेदकले करीब आठ वर्षको धेरै लामो अवधिसम्म बिदा स्वीकृत नगराइकन विद्यालयमा गैर हाजिर रहेको अवस्था देखिँदा र अधिकारप्राप्त व्यक्ति/निकायको निर्णयले उक्त आधारमा निजलाई नोकरीबाट हटाइएको अवस्था देखिँदा सो कार्यले निवेदकको संविधानप्रदत्त मौलिक हकमा आघात परेको भनी मान्न नमिल्ने हुँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः दण्डपाणि लामिछाने
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६८ साल माघ २ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-WO-०४२४, उत्प्रेषण समेत, *दरोगा पण्डित वि. ने.रा.प्रा.वि. सनफुलवा बारा समेत*

साधारण कानूनी उपचार हुँदाहुँदै जिल्ला शिक्षा अधिकारीसमक्ष उजूरी निवेदन नगरी बाटो बिराई प्रस्तुत रिट निवेदन दिन ल्याएको देखिन्छ। साथै रिट निवेदकले मिति २०६७।८।१२ मा भएको शिक्षक नियुक्तिलगायतका कामकारवाही एवं निर्णय समेत बदर गरिपाऊँ भनी विपक्षी देखाइएको मदन बैठा र प्रमोदप्रसाद यादवलाई नियुक्ति दिएको करीब १ वर्षपछि अर्थात् २०६८।८।२ मा अत्यधिक विलम्ब गरी प्रस्तुत रिट निवेदन परेको देखिन्छ। एकवर्ष अगावै भएको निर्णय बदर गरी पाउन यति विलम्ब गरी आउनु पर्नाको कारण आफ्नो रिटमा उल्लेख गर्न सकेको समेत देखिँदैन। आफ्नो अधिकारप्रति सचेत रहने व्यक्तिले समयमै उपचारको मार्ग अवलम्बन गर्नुपर्दछ। अनुचित विलम्ब गरी आउने व्यक्तिलाई अदालतले मद्दत गर्न नसक्ने हुँदा निवेदन मागबमोजिमको आदेश जारी हुन नसक्ने भएकोले प्रत्यर्थीहरूबाट लिखित जवाफ मगाई रहनुनपर्ने समेत देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः हरिहर पौड्याल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६८ साल मंसिर ४ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-WO-०४७३, उत्प्रेषणयुक्त परमादेश, *कर्णबहादुर खड्का वि. जिल्ला प्रहरी कार्यालय, मोरङ्ग बिराटनगर समेत*

निवेदकले पेश गरेको लिखतबाट नै निजले प्रहरी सेवामा कार्यरत् कर्मचारी भएकोले आफ्नो आचरणविपरीत अनुशासनहीन एवं गैरजिम्मेवारीपूर्ण कार्य यसभन्दा पहिले पनि गरी रेकर्डमा जनिने गरी नसियत एवं दुई वर्षको लागि पदोन्नति रोक्का समेत भएको देखिन्छ। साथै निवेदकले आफूभन्दा माथिका जिम्मेवार अधिकारीको तहगत आदेश (Chain of Command) लाई बेवास्ता गरी आफूलाई खटाएको ड्युटीमा समेत नगई प्रहरी सेवाको सांगठनिक छविमा आँच पुऱ्याउने कार्य गरी प्रहरी कर्मचारीले पालना गर्नुपर्ने अनुशासन एवं मर्यादाविपरीत आफूभन्दा माथिका कमाण्डरलाई हतियार तेर्स्याई मार्नेसम्मको धम्की दिई प्रहरी नियमावली, २०४९ को खण्ड (क) (ङ)(छ) मा उल्लिखित आचरणविपरीतको कार्य गरेको देखिँदा निवेदक कर्णबहादुर खड्कालाई प्रहरी हवल्दारको दर्जाबाट प्रहरी जवान पदमा घटुवा गर्ने गरी जिल्ला प्रहरी कार्यालय मोरङ्गबाट भएको मिति २०६७।२।१४ को निर्णयलाई सदर गर्ने गरी पूर्व क्षेत्रीय प्रहरी कार्यालय रानी विराटनगरका प्रहरी नायब महानिरीक्षकबाट भएको मिति २०६८।५।२८ को निर्णय कानूनसम्मत् देखिएको हुँदा लिखित जवाफ मगाइरहनु नपर्ने भै प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल मंसिर १९ गते रोज २ शुभम्।

- **हामी सर्वोच्च अदालतबाट भएका सबै निर्णयहरु यस बुलेटिनमा प्रकाशित गर्दछौं।**
- **सम्बन्धित इजलास अधिकृतबाट सबै निर्णयका सबै प्रतिलिपिहरु प्राप्त हुन्छन् भन्ने हामी विश्वास गर्दछौं।**
- **यहाँ प्रकाशित निर्णयहरु केवल सूचना सम्प्रेषण गर्ने प्रयोजनका लागि हुन्। यिनको रीतपूर्वक नक्कल लिन सकिन्छ।**
- **यहाँहरुको जानकारीमा भएका प्रकाशन योग्य महत्वपूर्ण फैसलाहरु *नेकाप*मा प्रकाशित हुन छूटेका छन् भने त्यस्ता फैसलाहरुको प्रतिलिपि सम्पादन शाखामा उपलब्ध गराई दिनु भएमा प्रकाशन गर्नेछौं।**